- ★ नीति बृहत र उद्देश्यमूलक हुन्छ । त्यसैले यसलाई सरकारको मार्ग दर्शकका रुपमा लिइन्छ ।
- ★ नीति तर्जुमा पछि यो कार्यान्वयनको लामो समयसम्म प्रभावकारी रहन्छ ।
- ★ नीति उच्च व्यवस्थापनको सार्थक संलग्नतामा तयार गरिन्छ ।
- ★ यसले राज्यको सामाजिक, आर्थिक एवम् सामाजिक धारणालाई दर्साउँछ ।
- ★ नीति प्रभावकारी हुन मौखिक नभई लिखित हुनुपर्दछ ।

**नेपालमा सार्वजनिक नीतिका कमजोरी वा सीमाहरू**

कुनै पनि राष्ट्रको सरकार वा त्यसका अंगहरूले समाजका सामु देखिएका समस्या समाधानका लागि चालिने कदम र लिने रणनीति नै बृहत अर्थमा सार्वजनिक नीति हो । नेपालमा सार्वजनिक नीतिका कमजोरी वा सीमाहरू निम्न बुँदाका माध्यमबाट व्यक्त गर्न सकिन्छ :–

- ★ नीति समस्याको पहिचान गर्ने क्रममा नै सही सूचनाको अभाव, राजनीतिक पूर्वाग्रह, व्यक्तिगत एवम् समूहगत स्वार्थ, विषयवस्तुको अल्पज्ञान, गलत बुझाई र समस्या समाधानका विकल्पहरूको खोजी गर्ने क्षमताको अभावले गर्दा भाषागत अस्पष्टता, द्विविधायुक्त, विरोधाभाषपूर्ण, अव्यवहारिक तथा कार्यान्वयनमा लैजान असम्भव नीति उद्देश्य निर्धारण हुने ।
- ★ धेरैजसो सामाजिक समस्याहरूका सम्बन्धमा निर्माण गरिने नीतिको कार्यान्वियन उपलब्धी मूल्यांकनको वैज्ञानिक सूचकांक वा आधार स्पष्ट छैन । जस्तो सामाजिक अपराध नियन्त्रणको उपलब्धी मूल्यांकनमा अपराधको उजुरी दर्ताको आधार वा अभियुक्त पक्राउको आधार वा अभियोजनको आधार वा अपराधी ठहर गरेको आधारमध्ये कुन आधारमा सम्बंन्धित नीतिको उपलब्धी मापन गर्ने हो सो स्पष्ट छैन ।
- ★ राजनीतिक अभिष्ट पूरा गर्ने सार्वजनिक पदाधिकारीको क्रियाकलाप र कर्मचारी प्रशासन संयन्त्रले भर्ने उपलब्धी विवरणमा एकरुपता नभएका कारण नीतिको प्रभावकारिता मूल्यांकनमा जटिलता देखा पर्ने गरेको छ ।
- ★ नीतिले लिएको लक्ष्य र उद्देश्य प्राप्तिको मापन गर्ने आधारहरू संलग्न गरी नीति निर्माण गर्ने कौशलताको अभाव रहेको छ ।
- ★ विभिन्न किसिमका समाजमा रहेका सार्वजनिक मूल्य र मान्यताहरूलाई नीतिमा समावेश गर्नेतर्फ प्रयत्न भएको पाइँदैन ।
- ★ राजनैतिक विचारधारका आधारमा विषयवस्तुको आँकलन गर्ने, सोही आधारमा विश्लेषण गर्ने र मूल्यांकनको उपलब्धी विवरणलाई आफ्नो दृष्टिकोणबाट व्याख्या गर्ने प्रचलन नै हाम्रो सार्वजनिक नीतिको मुख्य समस्याको रुपमा रहेको छ ।
- ★ सार्वजनिक नीतिको आवश्यकता र उपलब्धी सम्बन्धी कारण र आधार प्रस्तुत गर्ने विवरण एवम् तथ्यांक नै गलत हुनुले सार्वजनिक नीतिको प्रभावकारितामा समस्या थपेको छ ।
- ★ अल्प विवरण वा सूचनाको आधारमा नै निष्कर्षमा पुग्ने प्रवृत्ति नै नीति मूल्यांकनको अर्को चुनौती हो ।
- ★ सार्वजनिक नीतिको कार्यान्वियनबाट सरकारको काममा बढोत्तरी हुनुका साथसाथै धेरै काम सम्पादन भएको देखिनुपर्दछ, जसले सरकारलाई जवाफदेही बनाउँछ भन्ने हो तर हामीकहाँ नतिजा मूल्यांकनमा लागतको आधार, संगठनात्मक प्रगति विवरण र सरकारको व्यस्तपन मात्र मूल्यांकनको आधार बन्ने गरेको छ ।
- ★ राजनीतिक नेतृत्व र प्रशासकीय नेतृत्वबीच भूमिका र जिम्मेवारीको विषयमा सामञ्जस्यता र सहकार्यात्मक सम्बन्ध कायम हुन नसक्नु तथा नीति लक्ष्य र उद्देश्यको प्राप्तिमा असफलताको कारण एकले अर्कोलाई दोषारोपण गर्नु नेपालको सार्वजनिक नीतिले भोग्नु परेको विवशता हो ।
- ★ क्षणिक लोकप्रियता, व्यक्तिगत स्वार्थ तथा दलीय इच्छालाई महत्व दिई यथार्थ आवश्यकता भन्दा बाहिर गई नीति निर्माण गर्ने राजनीतिक नेतृत्व र काम पन्छाउने, काममा आत्मविश्वासको अभाव, जवाफदेहिता र उत्तरदायित्वबोधको अभाव, व्यावसायिक तथा प्रतिवद्ध कर्मचारीतन्त्रको अभावका कारण नीति कागजमा सीमित हुन पुगको तीतो यथार्थ हाम्रा सामु छ ।
- ★ दातृ निकायको स्वार्थ बमोजिम नीति विपरितको शर्त स्वीकार गरी स्रोत जुटाउने अभ्यासले गर्दा नीतिले सुविधा दिन खोजेको वर्ग, नीतिले मूल प्रवाहीकरणमा ल्याउन खोजेको लक्षित समुदाय, नीति निर्माण र कार्यान्वियनको कार्यक्रमबाट बेखबर हुने स्थिति नेपालको सार्वजनिक नीतिको एक प्रमुख समस्या र चुनौति हो ।

Question Bank Nepal

छन्, सेवाग्राहीबाट सार्वजनिक निकायले के अपेक्षा राखेको छ भन्ने जस्ता कुराहरूको सामान्य जानकारी दिलाउने उद्देश्यले सार्वजनिक निकायमा सबैले देख्ने गरी राखिएको सूचनालाई नै सार्वजनिक सेवा वडापत्र भनिन्छ।

कुनै पनि राज्य वा सरकारले आफ्ना नागरिकलाई मात्र सुविधा उपलब्ध गराएर पुग्दैन, देशमा रहेका गैर नागरिक व्यक्तिलाई पनि सेवा सुविधा प्रदान गर्नुपर्दछ भने निजी एवं गैरसरकारी संघ संस्थाले पनि नागरिक तथा गैर नागरिक दुवै सेवाग्राहीलाई सेवा उपलब्ध गराउनुपर्ने हुनाले नागरिक वडापत्रभन्दा सार्वजनिक सेवा वडापत्र व्यापक अर्थ ओगट्ने शब्दावली हो।

समग्रमा भन्दा सार्वजनिक सेवा वडापत्र भन्नाले सरकारी सार्वजनिक, निजी एवम् गैरसरकारी संघ संस्थाले सबै सेवाग्राहीले देख्ने गरी आफ्नो कार्यालय वा कारोबार स्थलमा आफूले प्रदान गर्ने सेवाको प्रकृति, सो सेवा प्राप्त गर्न सक्ने सेवाग्राही, सेवा प्रदान गर्ने जिम्मेवार व्यक्ति, सेवा प्राप्त गर्न पुऱ्याउनुपर्ने प्रक्रिया, आवश्यक पर्ने कागजात एवम् लाग्ने समय र आर्थिक खर्च आदिको बारेमा जानकारी हुने गरी राख्ने तालिका वा बोर्डलाई बुझिन्छ।

**सार्वजनिक सेवा वडापत्रमा समेटिने विषयवस्तुहरू**

सुरुमा बेलायतको सरकारले Citizen/Customer/ Client Charter को नामबाट शूरु गरेको सार्वजनिक सेवा वडापत्रको प्रयोग क्रमश : विश्वका प्रायः देशहरूले आत्मसात गर्न पुगे। सन् १९९१ देखि हालसम्म आईपुग्दा सार्वजनिक सेवा वडापत्रमा निम्न विषयवस्तुलाई समेट्ने प्रयास गरेको पाइन्छ –

(क) सेवाग्राही प्रति सहयोगीपना र नम्रातापूर्वक व्यवहार (Helpful and Politeness)

(ख) विकल्पको व्यवस्था र तथ्यगत सल्लाह (Choice and Consult)

(ग) खुलापन (Openness)

(घ) सेवाको गुणस्तरको मापदण्डहरू (Service quality Standards)




(ङ) सेवामा वा सेवा प्राप्त गर्दा लागेको रकमको उपलब्धी र प्रतिफल (Value for money)

(च) गलत भएमा सच्चाएर अघि बढ्ने (Right doing when things go wrong)

नेपालको सन्दर्भमा सुशासन (व्यवस्थापन र सञ्चालन) नियमावली, २०६५ ले नागरिक वडापत्रमा उल्लेखित सेवा प्राप्त हुन नसकेमा क्षतिपूर्तिको व्यवस्था र सेवा अभियान सञ्चालन निर्देशिका २०६५ ले नागरिक वडापत्रमा सेवाका किसिम, सेवा प्राप्त गर्न लाग्ने शुल्क, दस्तुर, सेवा प्रदान गर्ने जिम्मवार व्यक्ति, सेवाको गुणस्तर, लाग्ने समयावधि र सेवाको प्रवाहको शर्त र कार्यविधि, सेवा उपलब्ध हुन नसकेको अवस्थामा उपचारको विधि जस्ता कुरा खुलाउनुपर्ने व्यवस्था गरेको पाईन्छ।

**(८) सार्वजनिक नीतिका प्रमुख विशेषताहरू उल्लेख गर्दै नेपालमा सार्वजनिक नीतिका कमजोरी वा सीमाहरू के के देख्नुहुन्छ ? ती सार्वजनिक नीति सम्बन्धी समस्या समाधानका लागि सुझाव प्रस्तुत गर्नुहोस्।**

**सार्वजनिक नीतिका प्रमुख विशेषताहरू**

सार्वजनिक नीतिको अर्थ एवम् परिभाषाका माध्यमबाट मै सार्वजनिक नीतिका विशेषताहरूबारे मोटामोटी रुपमा अन्दाज लगाउन सकिन्छ। तथापि सार्वजनिक नीतिका मुख्य विशेषताहरूलाई नेपालका सार्वजनिक प्रशासनका एक विद्वान् डा. भिमदेव भट्टले निम्नानुसार व्यक्त गर्नुभएको छ –

★ लोककल्याणमा आधारित हुन्छ र व्यक्ति वा निश्चित समूहको हितमा नभई बहुजन हितायको आधारमा आएको हुन्छ।

★ सार्वजनिक नीतिको मूल विशेषता नै राज्य वा सरकारको प्रतिनिधित्व गर्नु हो।

★ सार्वजनिक नीति एक जटिल प्रक्रियाको परिणाम हो।

★ यसले मुलुकको समग्र दिशा निर्देशन र रेखाङ्कन गर्दछ तथा यो भविष्य उन्मुख हुन्छ।

Question Bank Nepal

★ इन्टरनेट प्रयोगका लागि आवश्यक सहयोग एवम् अर्थपूर्ण समन्वय कायम गरी भविष्यमा आवश्यक संशोधन र सुधारका नीतिगत व्यवस्थाका रुपमा विद्युतीय कारोबार ऐन, २०६३ लागू भएता पनि यसको कार्यान्वियनमा अझै अन्यौल रहेको र यसले उल्लेख गरे अनुरुप संस्थागत संयन्त्र पनि निर्माण गर्न नसकिएको ।

★ E-govenrnace प्रभावकारी उपयोगका लागि दक्ष जनशक्ति एक अनिवार्य पूर्वशर्त हो, हाम्रो प्रशासनिक संयन्त्रमा IT को प्रयोग गर्न सक्ने दक्ष जनशक्ति न्यून मात्रामा रहेको र अन्य कर्मचारीलाई सोको सञ्चालन गर्न दक्ष बनाउनको लागि तालिम सञ्चालन गर्ने आधिकारिक निकायको अभावमा तालिम समेत सञ्चालन हुन नसकेको ।

**E-governance कार्यान्वयनमा सुधारका लागि सुझाव**

E-governance ले सरकारी काम कारबाहीलाई पारदर्शी बनाई सरकारी सेवा प्रदान गर्ने प्रणालीमा सक्षमता र प्रभावकारिता वृद्धि ल्याउँछ । यतिमात्र होइन विद्युतीय शासनले वित्तीय व्यवस्थापन र प्रशासनिक क्षमताको सुधारका साथै निजी क्षेत्रतर्फ व्यवस्थित पारदर्शी सूचनालाई प्रभावकारी बनाउन सहयोग गर्दछ । त्यसैले, e-governance को फाइदालाई व्यवहारमा प्रयोगमा उतार्न सूचना प्रविधि नीति, २०५७ र विद्युतीय कारोबार (सम्बन्धी) ऐन, २०६३ लागू भइसकेका छन् तथापि उपरोक्तानुसारको कठिनाइहरू आइपरेका छन् । उक्त व्यवधानको निराकरण एवम् सुधारका लागि निम्नानुसारको कार्यहरू गर्नुपर्ने देखिन्छ –

★ आर्थिक एवम् सामाजिक विकासको लागि सरकारको सकारात्मक भूमिकामा वृद्धि गर्ने,

★ सूचना प्रविधिमा connectivity, सर्वसाधारणको पहुँचमा वृद्धि गर्दै लैजाने,

★ निजी क्षेत्रलाई संलग्न गराई प्रवर्द्धनात्मक समाधानको निमित्त उत्साहित गर्ने,

★ नेटवर्क विस्तारको लागि सृजनात्मक मोडेलको विकास गर्ने,

★ प्रतिस्पर्धात्मक, लचिलो र सामाजिक सहभागिता वृद्धि हुने खालका नीति तर्जुमा गर्न प्रोत्साहित गर्ने,

★ e-govenance को प्रभावकारी प्रयोगका लागि विद्युतीय कारोबार ऐन, २०६३ मा उल्लेख गरिए अनुसारका संस्थागत संयन्त्रको विकास गर्ने,

★ विद्युतीय कारोबार ऐन, २०६३ ले उल्लेख गरेअनुसारका कसुरहरूमा सजाय दिने व्यवस्थालाई कडाईका साथ कार्यान्वयनमा उतार्ने,

★ बाह्य सक्षमता वृद्धिका लागि उपयुक्त प्राविधिक सहयोग कार्यक्रमको तर्जुमा गर्ने आदि ।

सारांशमा भन्दा वर्तमान अवस्थामा सु-शासनका उद्देश्यहरू हासिल गर्न नयाँ सूचना र सञ्चार प्रविधिले निश्चय नै महत्वपूर्ण योगदान पुऱ्याउँछ । त्यस्तै यसले सरकारलाई बढी सक्षम, प्रभावकारी बनाउनुका साथै अन्य लाभहरूको उपभोग गर्न समेत सक्षम बनाउँछ । अझ विकासशील मुलुकहरूको विकास लागि त झन् e-governance मुख्य कडिको रुपमा रहेको छ । यसले शासनको क्षमता, दक्षता र प्रभावकारितामा सुधार ल्याउँछ ।

**(७) सार्वजनिक सेवा वडापत्र भन्नाले के बुझ्नुहुन्छ ? यस वडापत्रमा अन्तर्गत के–कस्ता विषयवस्तुहरू समेटिन्छन् ? स्पष्ट पार्नुहोस् ।**

**सार्वजनिक सेवा वडापत्र (Public Service Charter)**

बेलायतबाट सन् १९९१ (वि.सं. २०४७–०४८) मा नागरिकहरुको अधिकार पत्रको अर्थात् नागरिक वडापत्रको रुपमा यस सम्बन्धि अवधारणा शुरु भएको हो । त्यस बेला सम्बन्धित निकायको उत्तरदायित्व सिर्जना गर्ने प्रतिज्ञापत्रको स्वरुपमा सुरु भएको नागरिक वडापत्र (citizen/Customer/Client Charter) अभियान नेपालमा पहिलो पटक तत्कालीन श्री ५ को सरकारबाट उपलब्ध गराइने सेवा तथा सुविधा प्रभावकारी बनाउने निर्देशिका, २०५६ बाट शुरु भएकोमा सरकारी सेवा तथा सुविधा प्रभावकारी तुल्याउने निर्देशिका, २०६१ मा थप व्यवस्था गरिएको पाइन्छ । यसलाई हाल आएर सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ तथा सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ र सेवा अभियान सञ्चालन निर्देशिका, २०६५ बाट व्यवस्थित गरिएको छ ।

राज्यका कुनै पनि अंगद्वारा सञ्चालित कार्यबाट सेवा पाउनु वा सो कार्यका बारेमा सूचना माग्ने र पाउने प्रत्येक नागरिकको हक हो । यस्तो हकको प्रत्याभूति गर्नु र जनताप्रति जवाफदेही हुनु ती अंगको कर्तव्य हुन्छ । यसै सन्दर्भमा संविधान, कानून र न्यायका मान्य सिद्धान्तहरूलाई आत्मसात् गर्दै सरकारी वा सार्वजनिक निकायले सर्वसाधारण जनतालाई के कस्ता सेवाको प्रत्याभूत गर्दछ, त्यसका के कस्ता कानूनी र व्यवहारिक प्रक्रिया

Question Bank Nepal

४. अनुगमन, मूल्याङ्कन र पृष्ठपोषण तथा थप सुधारका उपायहरूको अवलम्बन गर्ने ।

त्यस्तै गरी उक्त प्रतिवेदनले अगाडी भनेको छ – विद्युतीय शासन सम्पूर्ण रूपमा अवलम्बन गर्नका लागि यसका आयाम (Dimension) हरूको माध्यमबाट विद्युतीय शासनको वातावरण तयार गर्नुपर्ने हुन्छ । सूचना प्रविधिका पूर्वाधारहरूको निर्माण, सूचना प्रविधि सम्बन्धी ऐन कानुन र नीतिको तर्जुमा, शासकीय संयन्त्रको स्वचालीकरण तथा विद्युतीय सेवाको सबै क्षेत्रमा पहुँच र विस्तार गरी पूर्णरूपमा विद्युतीय शासनको स्थापना गर्नु पर्ने देखिन्छ । उक्त आयामगत चरणहरू तलका तालिकामा उल्लेख भएबमोजिम तालिकाको तलदेखि माथिसम्म (Buttom up) पूर्वाधार हुँदै पहुँच र विस्तारसम्म चार चरणहरूमा पूरा गरिनु पर्दछ ।

| विद्युतीय शासनको अवलम्बनका आयामगत चरणहरू | |
|---|---|
| पहुँच र विस्तार (Outreach) | नागरिकलाई विद्युतीय सेवा (E-government services to citizens). |
| | निजी क्षेत्रलाई विद्युतीय सेवा (E-government services to Business) |
| | अन्तरनिकाय विद्युतीय सार्वजनिक सेवा (Interagency E-government services). |
| शासन पद्धति (Governance) | विद्युतीय सरकारका लागि सूचना प्रविधि संयन्त्र (IT-Back office for E-government). |
| | सार्वजनिक सेवा प्रवाहको प्रक्रियामा पुनः अभियान्त्रिकीकरण (Re-engineering publice processes ). |
| नीति (Policy) | सुरक्षित विद्युतीय सरकारका लागि ऐन कानुन (Laws on E-government security). |
| | विद्युतीय सरकारका संस्थागत ढाँचाहरू (Inistitutional Models of E–government). |
| पूर्वाधार Infrastructure | मोबाइल पूर्वाधार (Mobile Infrastructure ) |
| | ब्रोडब्याण्ड पूर्वाधार (Broadband Infrastructure). |

**E-Governance कार्यान्वयनमा समस्या/अवरोधहरू**

आजको विश्वव्यापीकरणको समयमा कुनै पनि राष्ट्रले विद्युतीय सूचना प्रविधिको प्रयोग बिना विश्वव्यापीकरणका लाभ प्राप्त गरी देश विकास गर्न नसक्ने यथार्थतालाई मध्य नजर गर्दै नेपालको सरकारी काम कारबाहीमा पनि e-governance लागू गर्ने प्रयास धेरै अगाडिदेखि गरिएको हो । तथापि हालसम्म पनि नेपाल सरकारका सम्पूर्ण कार्यालय एवम् तिनीहरूका कामकारबाही पूर्ण रुपमा सूचना प्रविधि प्रयोग गर्न सकिएको पाँइदैन जसका पछाडि निम्न अवरोधहरूले व्यवधान सिर्जना गरेको पाइन्छ –

- ★ परम्परागत कार्यशैली एवम् संयन्त्रलाई परिवर्तन गरी सरकारी काम कारबाहीको प्रकृति एवम् पद्दति सूचना प्रविधि मैत्री बनाउन राजनैतिक नेतृत्व तथा उच्च तहको प्रशासनिक प्रतिबद्धताको अभाव,
- ★ सबै स्थानमा Telecommunication को आधारभूत भौतिक संरचना अभाव, Internet को सहज उपलब्धता नहुनु र उपलब्ध सेवाको गुणस्तर पनि उच्चस्तरको नहुनु तथा e-governance को प्रयोगले टेलिफोन महसुल र लागतमा वृद्धि हुने हुनाले त्यसको प्रयोग नगर्नु,
- ★ सार्वजनिक खरिद कार्य गर्दा बोलपत्रका माध्यमबाट प्राप्त हुन आएका थुप्रै प्रस्ताव मध्ये मितव्ययिता अपनाउने नाममा वा कमिशनको चलखेलमा परी न्यून मूल्यको Hardware तथा Software प्रदायकलाई छनौट गर्दा सूचना प्रविधिको सुरक्षा संयन्त्र नै कमजोर हुन गई सरकारका केन्द्रीय निकायका website हरू नै cyber crime बाट पीडित हुने गरेकोले e-governance को प्रयोगलाई बेवास्त गर्ने गरिएको,
- ★ Information Technology को व्यापक एवम् सफल प्रयोगका लागि दक्ष जनशक्तिको आवश्यकता पर्नेमा उपलब्ध जनशक्ति अवसरको खोजीमा विदेश पलायन हुने गरेकोले IT को प्रयोगमा सरकारको सक्षमता नभएको
- ★ E-governance को प्रयोगका लागि सरकारी तथ्यांकहरू पनि सही प्रकृतिको अर्थात् software प्रयोग गरी विश्लेषण गर्न सकिने हुनुपर्नेमा सो अनुरूपको नभएको ।
- ★ E-governance को प्रयोगका लागि सरकारी संयन्त्र मात्र सूचना प्रविधिको पहुँचमा भएर पुग्दैन, त्यसका प्रयोगकर्ताहरूका लागि पनि सूचना प्रविधिको पहुँच सहज हुनुपर्दछ, तर हाम्रो देशका अधिकांश ग्रामीण क्षेत्रमा सूचना प्रविधिको पहुँच नपुगेको कारणले पनि e-governance को कार्यान्वयन प्रभावकारी हुन नसकेको हो ।

Question Bank Nepal

सदस्यको अधिकार नै सीमित गर्ने प्रवृत्ति विकास भइरहेको छ।

★ कानुन निर्माणमा जनताको प्रत्यक्ष सहभागितालाई पूर्णतः बेवास्ता गरिएको छ।

★ विधायिकी अंगको संस्थागत अस्थिरता ठूलो चुनौतीका रूपमा देखिएको छ।

★ व्याख्यात्मक टिप्पणीको अभाव पनि नेपालको विधि निर्माण प्रक्रियाको समस्याको रुपमा रहेको छ।

★ संसदले हालसम्म आफ्नो वार्षिक क्यालेन्डर पनि बनाउन नसकेको हुँदा संसदमा प्रस्तुत विधेयक कति समयमा ऐन बन्ने हो भन्ने विषयमा पूर्वानुमानियताको अभाव।

**समस्याहरू समाधान गर्न सहयोगी सुझावहरू**

नेपालमा विधि कानून निर्माण प्रक्रियाका सम्बन्धमा वर्तमान समयमा देखिएका मूलभुत समस्याहरूलाई समाधान गर्नका लागि देहाय अनुसारका उपायहरू अवलम्वन गर्न सकेमा त्यसबाट सकारात्मक नतिजा आउने देखिन्छ :-

★ कानुन निर्माण राज्यको सामूहिक जिम्मेवारी हो भन्ने भावनाको विकास हुनुपर्ने।

★ कानून निर्माणका हरेक तहमा पर्याप्त रुपमा अध्ययन एवम् अनुसन्धान गर्ने पद्दति बसाल्नुपर्ने।

★ विधि निर्माण प्रक्रियामा स्पष्ट एवं पर्याप्त नीति विश्लेषण एवं निर्देशन गर्नुपर्ने।

★ कानून निर्माण सम्बन्धमा सरोकारवालाहरूसँगको परामर्शलाई महत्वका साथ हेरिनुपर्ने।

★ कानुन निर्माण प्रक्रियालाई राष्ट्रिय योजना आयोगको आवधिक योजनासँग आबद्ध गराउनुपर्ने।

★ कुनै निश्चित वर्ग वा समूहलाई लक्षित गरी क्षणिक समस्या समाधान गर्नमात्र कानुन नबनाई दीर्घकालीन सोच राखेर कानुन निर्माण हुनुपर्ने।

★ विधि निर्माणका लागि प्रशासनिक रुपमा विज्ञहरू रहेको नीति व्यवस्थापन केन्द्रको गठन गरिनुपर्ने।

★ जनमत र विशेषज्ञको राय एवम् प्रतिक्रिया लिने परिपाटी संस्थागत गर्नुपर्ने,

★ कानुन कार्यान्वयन र अनुगमनमा सरकारको यथेष्ट ध्यान जानुपर्ने,

★ कानुन निर्माणमा विदेशी दातृसंस्था र INGO हरूको निर्णायक भूमिका रहन नहुने,

★ बृहत् रूपमा अधिकार प्रत्यायोजन गर्ने परिपाटीको अन्त्य हुनुपर्ने।

**(६) नेपालमा विद्युतीय शासनको प्रयोगको अवस्थाबारे प्रशासन सुधार सुझाव समिति, २०७० ले कस्तो सुझाव दिएको छ ? चर्चा गर्दै विद्युतीय शासनको कार्यान्वयनमा देखिएका समस्या/अवरोध तथा समस्या समाधानका लागि सुझाव प्रस्तुत गर्नुहोस्।**

**नेपालमा विद्युतीय शासनको अवस्थाबारे सुझाव**

प्रशासन सुधार सुझाव समितिको प्रतिवेदन, २०७० ले नेपालको विद्युतीय शासनको विद्यमान अवस्थालाई विद्युतीय शासनका चरणहरूसँग तुलना गर्दा नेपाल हाल तेश्रो चरणमा अर्थात कारोवारीय चरण (Transactional Stage) प्रवेश गर्ने क्रममा रहेको उल्लेख गर्दै उक्त प्रतिवेदनले विद्युतीय शासनको अवलम्बनको सन्दर्भमा विभिन्न अध्ययन,अभ्यास र अन्तर्राष्ट्रिय अनुभवहरू समेतका आधारमा नेपालमा निम्नानुसारका चरणहरूको अवलम्बन गर्न उपयुक्त हुने सुझाव दिएको पाईन्छ –

१. विद्युतीय सरकारको सक्षमता मूल्याङ्कन खाका (e-Government Readiness Assessment Framework) तयार गरी विद्युतीय सेवा प्राप्त गर्ने सक्षमताको मूल्याङ्कन (e-Readiness Assessment) गर्ने।

२. विद्युतीय शासनका सम्भावित उपलब्धिहरूको बारेमा जागरण अभियान, जनचेतना अभिवृद्धि र क्षमता विकासमा प्याकेजहरूको कार्यान्वयन गर्ने।

३. विद्युतीय शासनका चार् आयामहरू (Outreach, Governance , Policy & Infrastructure) का माध्यमबाट विद्युतीय शासनको वातावरण निर्माण गर्ने।

- विद्युत शासनका पूर्वाधारहरूको निर्माण
- विद्युतीय शासन मैत्री नीति, नियम र ऐन कानुनको निर्माण र कार्यान्वयन
- विद्युतीय शासनको स्थापना
- विभिन्न क्षेत्रका सूचना प्रविधि परियोजनाहरूको पहिचान र छनौट
- सूचना प्रविधि परियोजनाहरूको कार्यान्वयन, अनुगमन र मूल्याङ्कन
- संस्थागत क्षमता विकास
- प्रणालीगत सहयोग, मर्मतसम्भार र स्तरोन्नती
- विद्युतीय शासनको पहुँचलाई सबै क्षेत्रहरू जस्तै सरकारका निकायहरू बीच, सरकार र जनता बीच, सरकार र निजी क्षेत्रमा पहुँच र विस्तार (outreach)।



Question Bank Nepal

उल्लेखित बमोजिमको आधारमा कानुन बनाई मनासिक प्रतिबन्ध वा रोक लगाउन तथा शर्त वा योग्यता तोक्न सकिने संवैधानिक व्यवस्था रहेको पाइन्छ ।

संविधानको धारा २७३ को संकटकालीन अधिकार सम्बन्धी व्यवस्थालाई हेर्दा माथि उल्लेखित स्वतन्त्रता सम्बन्धी हकहरू मध्ये धारा १७(२) (ग) को राजनीतिक दल खोल्ने स्वतन्त्रता, ऐ(घ) को संघ र संस्था खोल्ने स्वतन्त्रता र धारा २६ को धार्मिक स्वतन्त्रताको हक संकटकालीन अवस्थामा समेत निलम्बन गर्न नसकिने र धारा १७(२) अन्तर्गतका अरु स्वतन्त्रता सम्बन्धी हक संकटकालीन अवस्थामा निलम्बन गर्न सकिने देखिन्छ । माथि उल्लेखित स्वतन्त्रताको हकहरू हनन भएमा धारा ४६ मा उल्लेखित संवैधानिक उपचारको हकको प्रयोग गर्दै धारा १३३ वा धारा १४४ बमोजिम कारबाही चलाई उपचार प्राप्त गर्न सकिन्छ ।

**(५) कानून तर्जुमामा तर्जुमाकारको भूमिका र तर्जुमा गर्दा निजले विचार गर्नुपर्ने कुराहरू के के हुन् ? उल्लेख गर्दै नेपालको विधि निर्माण प्रक्रियामा रहेका समस्याहरू ती समस्याहरू समाधान गर्न सहयोग पुग्ने उपयुक्त सुझाव पेश गर्नुहोस् ।**

### कानून तर्जुमामा तर्जुमाकारको भूमिका

नीति निर्माताले बनाएको नीतिलाई कानूनी भाषामा रूपान्तरण गर्ने काम कानून तर्जुमाकारको हो । कानूनको प्रस्ताव वा कानूनको तर्जुमा गर्ने क्रममा कानून तर्जुमाकारले विभिन्न भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । कानून तर्जुमाकारले निर्वाह गर्नुपर्ने उक्त भूमिकालाई देहाय बमोजिमका बुदाँहरूमा उल्लेख गर्न सकिन्छ –

| कानून तर्जुमामा तर्जुमाकारको भूमिका | |
|---|---|
| सहजकर्ताको भूमिका, | नीति निर्माताको भावनालाई आत्मसात गर्ने भूमिका, |
| अध्ययन तथा विश्लेषणको भूमिका, | छलफल, परामर्श र सुधारकको भूमिका, |
| पूर्वसजगकर्ताको भूमिका, | न्यायपूर्ण, स्वच्छ, तर्कसंगत र सद्विवेक कर्ताको भूमिका, |
| धैर्यकर्ताको भूमिका, | चुनौती र अवसरको सही व्यवस्थापनकर्ताको भूमिका, |
| व्यावसायिकता र विशेषज्ञको भूमिका, | अनावश्यक दवाव एवं प्रभावबाट मुक्त रही कार्य गर्ने भूमिका आदि । |

### कानुन तर्जुमा गर्दा तर्जुमाकारले विचार गर्नुपर्ने कुराहरू

कानून तर्जुमा सम्बन्धी कार्य कानूनी क्षेत्रको एक महत्वपूर्ण कार्य हो । जुन कार्यको विशेषज्ञ कानून तर्जुमाकार मात्र हुनसक्दछ । कानून तर्जुमा गर्दा कानून तर्जुमाकारले खासगरी देहायका कुराहरूमा विचार पुर्‍याउनु पर्छ –

| कानुन तर्जुमा गर्दा तर्जुमाकारले विचार गर्नुपर्ने कुराहरू | |
|---|---|
| संवैधानिक सर्वोच्चता, | अन्तर्राष्ट्रिय कानून तथा महासन्धिका प्रावधान, |
| तथा कानूनको शासन, | कानून र न्यायका सामान्य सिद्धान्त, |
| नीतिगत स्पष्टता, | जनताको हितलाई केन्द्र विन्दु बनाउने विषय, |
| अन्य कानूनसँग तुलना, | अधिकारक्षेत्रको दोहोरोपन हुन नहुने विषय, |
| समस्याको अध्ययन, | सम्भाव-असम्भव दायित्व तथा सन्तुलित अवधारणा, |
| विगत-वर्तमान-भविष्य, | भौगोलिक अधिकार क्षेत्रको स्पष्टता, |
| समावेशी सिद्धान्त, | परिपक्वता, समन्वय तथा सहमति, |
| न्यायिक अधिकारको प्रयोग, | निहित स्वार्थको परित्याग, |
| ऐन र नियममा राख्ने विषयमा स्पष्टता आदि । | |

### नेपालको विधि निर्माण प्रक्रियामा रहेका समस्याहरू

नेपालमा व्यवस्थापन विधि अर्थात कानून निर्माण प्रक्रियाको सम्बन्धमा वर्तमान समयमा देखिएका मूलभुत समस्याहरूलाई निम्नलिखित बुँदामा उल्लेख गर्न सकिन्छ :-

★ अनुसन्धानद्वारा राष्ट्रिय आवश्यकता ठानिएको क्षेत्रलाई नियमन गर्नका लागि कानुन बनाइने प्रवृत्ति विकास हुन नसकेको ।

★ नेपालको विधि निर्माण प्रक्रियामा स्पष्ट एवं पर्याप्त नीति विश्लेषण तथा नीति निर्देशनको अभाव रहेको पाइनु ।

★ कानून निर्माण प्रक्रियामा सरोकारवालाहरूसँगको परामर्शलाई कम महत्व दिइनु ।

★ कानून निर्माणका हरेक तहमा पर्याप्त मात्रामा अध्ययन र अनुसन्धान गर्ने पद्दति बस्न नसक्नु ।

★ कानुन हचुवाका भरमा, स्वार्थी समूह र दातृ संस्थाको दबाबका आधारमा बनेको देखिन्छ ।

★ ऐनको संख्या वर्षेनी बढिरहेको छ तर जनताले र समाजले अपेक्षा गरेको विषयमा कानुन बन्न सकेको छैन ।

★ समितिबाट पारित विधेयकमा आनुसांगिक सुधार भनी सारभूत प्रावधान नै बदल्ने गरिएको छ । बनेका कानुनको गुणस्तरीयता र कार्यान्वयन न्यून देखिन्छ ।

★ संसदीय समिति प्रणाली प्रभावकारी बन्न सकेको छैन ।

Question Bank Nepal

(१५) धारा ३० – स्वच्छ वातावरणको हक
(१६) धारा ३१ – शिक्षा सम्बन्धी हक
(१७) धारा ३२ – भाषा तथा संस्कृतिका हक
(१८) धारा ३३ – रोजगारीको हक
(१९) धारा ३४ – श्रमको हक
(२०) धारा ३५ – स्वास्थ्य सम्बन्धी हक
(२१) धारा ३६ – खाद्य सम्बन्धी हक
(२२) धारा ३७ – आवासको हक
(२३) धारा ३८ – महिलाको हक
(२४) धारा ३९ – बालबालिकाको हक
(२५) धारा ४० – दलितको हक
(२६) धारा ४१ – ज्येष्ठ नागरिकका हक
(२७) धारा ४२ – सामाजिक न्यायको हक
(२८) धारा ४३ – सामाजिक सुरक्षाको हक
(२९) धारा ४४ – उपभोक्ताका हक
(३०) धारा ४५ – देश निकाला विरुद्धका हक
(३१) धारा ४६ – संवैधानिक उपचारका हक

नेपालको संविधान, २०७२ मा उल्लेख गरिएका माथि प्रस्तुत धारा १६ देखि ४६ सम्मका मौलिक हकहरूको हनन भएमा धारा ५१ मा उल्लेखित संवैधानिक उपचारको हकले व्यवस्था गरेबमोजिम धारा १३३ वा धारा १४४ मा लेखिए बमोजिम सर्वोच्च अदालत वा उच्च अदालतमा निवेदन दिई उपचार प्राप्त गर्न सकिन्छ । विगतका संविधानहरू भन्दा वर्तमान संविधान अझ अगाडि बढ्दै भाग ३ द्वारा प्रदत्त मौलिक हकहरूको कार्यान्वयनका लागि आवश्यकता अनुसार राज्यले संविधान प्रारम्भ भएको तीन वर्षभित्र कानुनी व्यवस्था गर्ने कुरा धारा ४७ मा स्पष्ट रुपमा उल्लेख गरेको पाइन्छ । वर्तमान संविधानको धारा २७३ को संकटकालीन अधिकार सम्बन्धी व्यवस्थालाई हेर्दा सम्मानपूर्वक बाँच्न पाउने हक, समानताको हक लगायतका अधिकांश मौलिक हकहरू संकटकालीन अवस्थामा समेत निलम्बन गर्न नसकिने देखिन्छ ।

**संविधानले ग्यारेन्टी गरेको स्वतन्त्रता सम्बन्धी हक**

सामान्य अर्थमा स्वतन्त्रता भनेको कसैको दबाब र प्रभावबाट मुक्त रहने अवस्था हो । स्वतन्त्रता मानिसको जन्मसिद्ध नैसर्गिक अधिकार हो । स्वतन्त्रताका विभिन्न आयामहरू मध्ये राजनीतिक दृष्टिले स्वतन्त्रता भन्नाले शक्ति र दबाबो आधारमा नागरिकको व्यक्तिगत वा सामाजिक जीवनमा कसैको हस्तक्षेप नरहने अवस्थालाई जनाउँदछ । विगतका संविधानहरूले स्वतन्त्रता सम्बन्धी हक अन्तर्गत समावेश गरेको सम्मानपूर्वक बाँच्न पाउने हकलाई वर्तमान नेपालको संविधान, २०७२ ले धारा १६ मा छुट्टै हकको रुपमा स्थापित गरेको छ भने स्वतन्त्रताको नाममा धारा १७ मा स्वतन्त्रताको हक र धारा २६ मा धार्मिक स्वतन्त्रताको हक भनी दुई ओटा मौलिक हकहरूको व्यवस्था गरेको पाइन्छ । यसरी वर्तमान संविधानले धारा १६ तथा धारा २६ मा उल्लेख गरेको स्वतन्त्रता सम्बन्धी सबै हकहरू विना भेदभाव सबै मानव समुदायले समान रुपमा प्रयोग गर्न पाउने गरी ग्यारेन्टी गरिएको पाइदैन । कतिपय स्वतन्त्रता प्रत्येक व्यक्तिलाई प्राप्त छन् भने कतिपय स्वतन्त्रता केवल प्रत्येक नेपाली नागरिकलाई मात्र प्राप्त छन्, अर्थात् त्यस्ता अधिकार विदेशीलाई प्राप्त छैनन् । संक्षेपमा भन्नुपर्दा वर्तमान संविधानले स्वतन्त्रता सम्बन्धी विभिन्न हकहरू कस कसलाई प्रदान गरेको छ भन्ने कुरा तलको चार्टबाट स्पष्ट हुन्छ ।

| हरेक व्यक्तिलाई प्राप्त स्वतन्त्रता | नेपाली नागरिकलाई मात्र प्राप्त स्वतन्त्रता |
|---|---|
| (१) गैरकानुनी रुपमा वैयक्तिक स्वतन्त्रताको अपहरण विरुद्धको स्वतन्त्रता (धारा १७(१) | (१) विचार र अभिव्यक्तिको स्वतन्त्रता (धारा १७(२)क.) |
| (२)आफ्नो आस्था अनुसार धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने स्वतन्त्रता धारा २६(१) | (२)बिना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता, (धारा १७(२)ख.) |
| (३) कुनै धर्मबाट अलग रहने स्वतन्त्रता (धारा २६(१)) | (३)राजनीतिक दल खोल्ने स्वतन्त्रता (धारा १७(२)ग.) |
| (४)प्रत्येक धार्मिक सम्प्रदायलाई कानुन बमोजिम आफ्नो स्वतन्त्र अस्थित्व कायम राखी आफ्नो धार्मिक संरक्षण गर्ने स्वतन्त्रता धारा २६(२) | (४) संघ र संस्था खोल्ने स्वतन्त्रता (धारा १७(२)घ.)<br>(५) नेपालको कुनै पनि भागमा आवतजावत र बसोबास गर्ने स्वतन्त्रता (धारा १७(२)ङ.)<br>(६) कुनै पेशा, रोजगार, उद्योग, व्यापार र व्यावसाय गर्ने स्वतन्त्रता (धारा १७(२)च.) । |

वर्तमान संविधान नेपालको संविधान, २०७२ ले धारा २६ अन्तर्गतको धार्मिक स्वतन्त्रताको हकको प्रयोग गर्दा पनि सार्वजनिक स्वास्थ्य, शिष्टाचार र नैतिकताको प्रतिकूल हुने वा सार्वजनिक शान्ति भंग गर्ने क्रियाकलाप गर्ने, गराउने वा कसैको धर्म परिवर्तन गराउने वा अर्काको धर्ममा खलल पर्ने काम वा व्यवहार गर्न वा गराउन नहुने भन्दै त्यस्तो कार्य कानुन बमोजिम दण्डनीय हुने स्पष्ट गरेको पाइन्छ । त्यस्तै गरी नेपाली नागरिकलाई मात्र प्राप्त हुने माथि उल्लेखित स्वतन्त्रता धारा १७(२) को प्रतिबन्धात्मक वाक्यांशमा

Question Bank Nepal

(समावेशीकरणको सिद्धान्तलाई सम्बोधन गर्न सहजता),

+ निर्वाचनका समयमा जनताले कुनै एउटा व्यक्तिलाई नभएर घोषणापत्र एवं कार्यक्रमका आधारमा कुनै राजनैतिक दललाई रोज्ने (एक व्यक्ति निरंकुश बन्ने सम्भावना न्यून),

+ सरकार प्रत्यक्ष रूपमा संसदप्रति उत्तरदायी हुने हुनाले उसको गतिविधि तथा कार्यशैलीका सम्बन्धमा संसदका सदन तथा समितिहरूमा नियमित रूपमा छलफल हुने (नियमित तथा प्रभावकारी रुपमा सरकारको विधायिकी नियन्त्रण)

+ प्रजातन्त्र, राजनैतिक स्थिरता, स्वतन्त्र प्रेसका साथसाथै भ्रष्टाचार कम गर्न मद्दत पुऱ्याउने शासन प्रणालीका रुपमा रहेको शासन प्रणाली,

+ आवधिक निर्वाचनको ग्यारेन्टीले गर्दा नियमित र सहज रूपमा सत्ताको हस्तान्तरण (आवधिक निर्वाचन र सत्ता हस्तान्तरण) आदि ।

**संसदीय शासन प्रणालीका दुर्बल पक्षहरू**

+ संसदमा बहुमत प्राप्त दलको संसदीय दलको नेता नै कार्यकारी प्रमुख हुने हुँदा व्यवस्थापिका र कार्यपालिकाबीच वास्तविक रूपमा शक्तिको पृथकीकरण नहुने (शक्ति पृथकीकरण सिद्धान्तको सापेक्ष प्रयोग),

+ एकातर्फ सरकार प्रमुखले संसदका हरेक निर्णयलाई प्रभाव पार्न सक्ने हैसियत राख्ने र अर्कोतर्फ संसदले पनि जहिलेसुकै अविश्वासको प्रस्तावद्वारा सरकारलाई हटाउन सक्ने (अनावश्यक रुपमा अंगीय प्रभावको सम्भावना),

+ सरकार प्रमुख जनताको लोकप्रिय मतबाट चुनिएको व्यक्ति नभई बहुमतीय खेलमा संसदबाट निर्वाचित व्यक्ति हुने (सरकारमा दलीयको प्रभावको सम्भावना),

+ संसद सदस्यको बहुमतलाई हेरिने हुँदा कतिपय अवस्थामा संसदका सदस्यहरूको बहुमत एक दलमा (जसले सत्ता प्राप्त गर्दछ) र जनताको बहुसंख्यक मत विपक्ष दल वा दलहरुमा रहने पनि हुन सक्ने (अल्पमतले बहुमत माथी शासन),

+ पहिलो हुने निर्वाचित हुने निर्वाचन पद्धतिको विकल्पको रूपमा समानुपातिक वा मिश्रित प्रकारको निर्वाचन पद्धति अपनाएको स्थितिमा व्यवस्थापिकामा कुनै एकदलको मात्र बहुमत रहने सम्भावना ज्यादै कम हुने हुँदा सरकार गठन तथा विघटन भैरहने सम्भावना (राजनैतिक अस्थिरता),

+ सामान्यतया आवधिक निर्वाचनको व्यवस्था हुने भएपनि सरकार प्रमुखले आफूलाई अनुकूल लागेको अवस्थामा जहिले पनि संसद विघटन गरी मध्यावधि निर्वाचनमा जान सक्ने (एक व्यक्तिको हठमा अनावश्यक निर्वाचन) ।

**(४) नेपालको संविधान, २०७२ मा उल्लेख भएका मौलिक हकहरूको सूची बनाउनुहोस् र उक्त संविधानले स्वतन्त्रता सम्बन्धी हकको ग्यारेन्टी कसरी गरेको छ ? स्पष्ट पार्नुहोस् ।**

**नेपालको संविधान, २०७२ मा प्रदत्त मौलिक हकहरू**

सामान्य अर्थमा नागरिकहरूलाई राज्य विरुद्ध देशको मूल कानुनको रुपमा रहेको संविधानद्वारा व्यवस्थित, प्रत्याभूत र संरक्षित गरिएका हक अधिकारलाई मौलिक हक भनिन्छ । अर्को शब्दमा भन्नुपर्दा संविधानले नागरिकहरूलाई प्रदान गरेको हक अधिकारको सामूहिक स्वरुप पनि मौलिक हक हो । मौलिक मानिसलाई मानिसको रुपमा बाँच्न आवश्यक पर्ने मानव अधिकारबाट विकसित भएको पाइन्छ । मौलिक हकहरू जनताका आधारभूत अधिकार भएकोले यस्ता अधिकारको उच्चस्तरीय संरक्षण र प्रचलनका लागि संविधानमा नै प्रष्ट प्रावधानहरू राखिएको पाइन्छ । हाम्रो सन्दर्भमा भन्दा वर्तमान नेपालको संविधान, २०७२ को भाग ३ धारा १६-४६ सम्म ३१ ओटा मौलिक हकहरूको व्यवस्था गर्दै ती हकहरूको उच्चस्तरीय संरक्षण र प्रचलनका लागि संविधानकै धारा ४६, ४७, १३३ र १४४ मा संवैधानिक उपचार सम्बन्धी स्पष्ट प्रावधानहरू राखिएको पाइन्छ । साविकको नेपालको अन्तरिम संविधान, २०६३ मा २१ ओटा मौलिक हकहरूको व्यवस्था गरिएकोमा संविधानसभा मार्फत नेपाली जनताहरूले बनाएको वर्तमान संविधानमा थप १० ओटा मौलिक हकहरू समावेश गरी संविधान प्रदत्त मौलिक हकहरूको संख्या ३१ ओटा पुऱ्याइएको पाइन्छ । नेपालको संविधान, २०७२ मा उल्लेखित मौलिक हकहरूको सूची देहाय बमोजिम तलको तालिकामा उल्लेख गरिएको छ :-

| संविधान प्रदत्त मौलिक हकहरू |
|---|
| (१) धारा १६ - सम्मानपूर्वक बाँच्न पाउन हक |
| (२) धारा १७ - स्वतन्त्रताका हक |
| (३) धारा १८ - समानताको हक |
| (४) धारा १९ - आम सञ्चारको हक |
| (५) धारा २० - न्याय सम्बन्धी हक |
| (६) धारा २१ - अपराध पीडितको हक |
| (७) धारा २२ - यातना विरुद्धको हक |
| (८) धारा २३ - निवारक नजरबन्द विरुद्धको हक |
| (९) धारा २४ - छुवाछूत तथा भेदभाव विरुद्धको हक |
| (१०) धारा २५ - सम्पत्तिको हक |
| (११) धारा २६ - धार्मिक स्वतन्त्रताका हक |
| (१२) धारा २७ - सूचनाका हक |
| (१३) धारा २८ - गोपनीयताका हक |
| (१४) धारा २९ - शोषण विरुद्धको हक |

Question Bank Nepal

मार्फत व्यक्त हुने समर्थनमाथि निर्भर रहन्छ । मूलत : संसदीय शासन प्रणालीमा सामान्यतया राष्ट्र प्रमुख (Head of the State) र सरकार प्रमुख (Head of the Government) अलग अलग व्यक्ति हुन्छन् ।

संसदीय शासन प्रणाली अवलम्बन गर्ने विश्वका विभिन्न मुलुकहरूमध्ये जापान, नर्वे, बेलायत लगायतका मुलुकहरूमा राष्ट्रप्रमुखको रूपमा राजा (संवैधानिक वा सेरेमोनियल) रहेका छन् भने भारत, नेपाल लगायत कतिपय मुलुकहरूमा राष्ट्रपति रहने व्यवस्था गरिएको पाइन्छ ।

संसदीय शासन प्रणालीमा मुलुकको सम्पूर्ण कार्यकारी अधिकार खासगरी सरकारप्रमुख अर्थात् प्रधानमन्त्रीमा निहित रहेको हुन्छ र राष्ट्रप्रमुख अर्थात् राष्ट्रपति वा राजा नाम मात्रको अर्थात् Figurehead मात्र हुन्छ । त्यसैले बेलायतमा King can do no wrong अर्थात् राजाले गल्ती नै गर्दैनन् भन्ने उक्ति चलेको मानिन्छ । संसदीय पद्धतिमा राष्ट्रपतीय पद्धतिमा जस्तो स्पष्ट रूपमा शक्तिको पृथकीकरण भएको हुँदैन । जस्तोकी शक्तिपृथकीकरण सिद्धान्त विपरित एउटै व्यक्ति एकै समयमा सरकार प्रमुखको अलावा संसदको सदस्य पनि रहन्छन् ।

यस पद्धतिमा व्यवस्थापिका र कार्यपालिकाबीचको सम्बन्ध परस्परमा अन्योन्याश्रित रहन्छ, किनकी विशेष अवस्था बाहेक सामान्य अवस्थामा संसदमा वहुमत प्राप्त राजनैतिक दलको नेता नै प्रधानमन्त्रीको रूपमा कार्यकारीको प्रमुख समेत हुन्छ । मन्त्रिपरिषद्को निर्णयमा फरक मत राख्ने अधिकार कुनै पनि मन्त्रीलाई नहुने यस पद्धतिमा यस्तो अवस्थामा मन्त्रीका सामु दुइवटा विकल्पहरू मात्र रहन्छन् – या त चुपचाप सामुहिक निर्णयमा सहमति जनाउनु या मन्त्रिमण्डलबाट राजिनामा दिनु । अहिले विश्वका ६० भन्दा बढी देशहरूले पूर्ण रूपको संसदीय शासन प्रणालीको अवलम्बन गरेका पाईन्छ ।

**संसदीय शासन प्रणालीका विशेषताहरू**

★ सरकार प्रमुखको रूपमा रहने प्रधानमन्त्रीलाई नै वास्तविक रूपमा कार्यकारी प्रमुख मानिने ।

★ राष्ट्रप्रमुखको रुपमा राष्ट्रपति वा राजा रहने र कार्यकारिणी अधिकारको प्रयोग राष्ट्रप्रमुखको नामबाट हुने ।

★ राष्ट्रप्रमुख प्रतिकात्मक स्वरूपको (Figurehead) मात्र हुने हुनाले ऊ सम्पूर्ण जनताको एकताको प्रतिकको रूपमा रहने ।

★ राष्ट्रप्रमुख नाम मात्रको प्रमुख हुने हुनाले राष्ट्रप्रमुख (राजा/राष्ट्रपति) ले कहिल्यै गल्ती गर्दैनन् भन्ने मान्यता रहेको ।

★ राष्ट्रप्रमुख कुनै राजनीतिक दलको सदस्य नरहने, प्रत्यक्ष अप्रत्यक्ष रूपमा कार्यकारी अधिकारको प्रयोग नगर्ने हुनाले विभिन्न भाषा, धर्म, क्षेत्र, जातजातिका जनताको लागि सर्वस्वीकृत व्यक्तित्वको रूपमा रहने ।

★ राष्ट्रपतीय पद्धतिमा जस्तो यस पद्धतिमा स्पष्ट रूपमा शक्तिको पृथकीकरण सिद्धान्त लागु नहुने ।

★ संसदीय पद्धतिमा व्यवस्थापिका र कार्यपालिकाबीचको सम्बन्ध परस्परमा अन्योन्याश्रित रहने ।

★ प्रधानमन्त्रीलाई मन्त्रिपरिषद्को नेता मानिने र निजले व्यवस्थापिकाका सदस्यहरूमध्येबाट अन्य मन्त्रीहरुको चयन गर्ने ।

★ प्रधानमन्त्रीलगायत मन्त्रिमण्डलका सम्पूर्ण सदस्यहरू आफ्नो नीति, कार्यक्रम तथा काम कारवाहीका सम्बन्धमा प्रत्यक्ष रूपमा व्यवस्थापिकाप्रति उत्तरदायी रहने ।

★ सबै मन्त्रीहरू व्यक्तिगत रूपमा प्रधानमन्त्री प्रति समेत उत्तरदायी रहने ।

★ सामुहिक जिम्मेवारीको सिद्धान्त अँगिकार गरिने यस पद्धतिमा मन्त्रिपरिषद्को निर्णयमा फरक मत राख्ने अधिकार कुनै पनि मन्त्रीलाई नहुने ।

★ संसदले अविश्वासको प्रस्ताव पारित गरी प्रधानमन्त्रीलाई पदबाट हटाउन सक्ने ।

★ संसदमा वहुमत पाएको दलले निश्चित अवधिको लागि सरकार बनाउने र दोश्रो ठूलो दलगायत अन्य दलहरू विपक्ष दलका रुपमा रहने ।

★ संसदमा हुने छलफलहरू प्रतिद्वन्दात्मक (Adversarial) प्रकृतिको हुने र समितिहरू भन्दा सदनको पूर्ण बैठक बढी प्रभावकारी मानिने आदि ।

| संसदीय शासन प्रणालीका सवल पक्षहरू |
|---|
| + संसदका वहुमत सदस्यको समर्थन र संसदीय दलको वाध्यकारी ह्वीपको कारण सरकारले प्रभावकारी रूपमा बिना अवरोध कार्य गर्न सक्ने, (बिना अवरोध प्रभावकारी कार्यसंपादन), |
| + राजा वा राष्ट्रपति नाम मात्रको राष्ट्रप्रमुखको रुपमा रहने हुँदा राष्ट्रप्रमुख विविधतायुक्त विशेषता भएको मुलुकका सम्पूर्ण जनताको एकताको प्रतिक र सर्वस्वीकृत व्यक्तित्वको रूपमा रहने (विविधतामा एकता कायम), |
| + मुलुकको शासन व्यवस्थालाई सहभागितामूलक बनाउनका लागि संसदीय शासन प्रणालीमा सजिलो हुने |

Question Bank Nepal

निर्माणको सन्दर्भमा जन परिचालनकर्ताको रुपमा भूमिका निर्वाह गर्दछ ।

★ नागरिक समाजले जनताका जायज मागहरूको पक्षमा वकालत गर्दै शासकहरूको जायज आलोचना गरेर तिनलाई गलत बाटोमा जानबाट रोकी राज्य निर्माण प्रक्रियामा योगदान पुऱ्याउँछ ।

★ राज्य निर्माणको दौरानमा जटिल प्रकारका द्वन्द्वमा फसेका राज्यहरूमा नागरिक समाजले द्वन्द्व रुपान्तरणमा सहयोगी भूमिका निर्वाह गर्दछ ।

★ राज्य निर्माणको प्रक्रियामा राज्यलाई वैधानिकता दिलाउने सवालमा पनि नागरिक समाजले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

★ लोकतन्त्रको आधारस्तम्भको रुपमा लिइने नागरिक समाजले लोकतन्त्रको संरक्षण एवं सुदृढीकरणको लागि विभिन्न क्रियाकलापहरूका सञ्चालन गर्दछ ।

★ राज्यलाई स्थानीय तहसम्म सबल बनाउने अग्रणी भूमिका खेल्दै नागरिक समाजले राज्य निर्माणमा योगदान पुऱ्याउँछ ।

निष्कर्षमा, आवाजहिनहरूको आवाज र पहलविहिनहरूको पहलकर्ताको रुपमा रहने नागरिक समाज राजनैतिक रुपमा स्वतन्त्र, कायदिश एवं विश्वासिलो मानिन्छ । राज्य निर्माण प्रक्रियामा नागरिक समाजको जतिसुकै ठूलो योगदान भएपनि यो राज्य वा अन्य राजनीतिकर्ताको विकल्प भने बन्न सक्दैन । तथापि बहुस्तरीय शासन सन्दर्भमा पछिल्लो समय नागरिक समाजको शासन बारे पनि व्यापक चर्चा परिचर्चा हुने गरेको पाइन्छ । यति हुँदा हुँदै पनि नागरिक समाजले राज्य, राजनीतिक दल, संसद र अन्य राजनीतिक निकायसँग सहयोगात्मक सम्बन्ध राखेर नै कार्य गर्नुपर्दछ । नागरिक समाजले मुलतः जनताका जायज मागहरूको समर्थन गर्दै राज्य वा सरकारको आलोचना मात्र गर्दैन सहजकर्ता वा सहयोगीको रुपमा राज्य निर्माण प्रक्रियामा महत्वपूर्ण भूमिका निर्वाह गर्ने गर्दछ ।

**(३) राज्य व्यवस्था सञ्चालनका प्रमुख सिद्धान्तहरू के-के हुन् ? उल्लेख गर्दै हाल नेपालले समेत अवलम्बन गरेको संसदीय शासन प्रणालीबारे संक्षिप्तमा परिचय दिनुहोस् ।**

**राज्य व्यवस्था सञ्चालनका प्रमुख सिद्धान्तहरू**

राज्य व्यवस्था सञ्चालनको आधारका रुपमा रहेका सिद्धान्तहरू लाई नै राज्य सञ्चालनका सिद्धान्तहरू भनिन्छ । मुलुक पिच्छे राज्य सञ्चालनका सिद्धान्तहरू समान नभई फरक-फरक हुन पनि सक्दछन् । हाम्रो वर्तमान नेपालको संविधान, २०७२ ले समेत अंगिकार गरेको राज्य व्यवस्था सञ्चालनका प्रमुख सिद्धान्तहरूलाई तल प्रस्तुत गरिएको छ :–

| राज्य व्यवस्था सञ्चालनका सिद्धान्तहरू | |
|---|---|
| + शक्तिपृथकीकरण र सन्तुलनको सिद्धान्त, | + कानूनी राज्यको सिद्धान्त, |
| + राज्यको अग्रगामी पुर्नसंरचना, | + प्रतिस्पर्धात्मक बहुदलीय व्यवस्था, |
| + वालिग मताधिकारको सिद्धान्त, | + मानव अधिकारको सिद्धान्त, |
| + आवधिक निर्वाचनको सिद्धान्त, | + स्वतन्त्र एवं सक्षम न्यायपालिका, |
| + दिगो शान्ति एवं अग्रगमनको सिद्धान्त, | + आर्थिक तथा सामाजिक परिवर्तन, |

अन्त्यमा, राज्यका सम्पूर्ण क्रियाकलापहरूको समष्टिलाई राज्य व्यवस्था भनिन्छ । यस अन्तर्गत राज्य सञ्चालनका सम्पूर्ण पक्षहरू समेटिएका हुन्छन । राज्य व्यवस्था सञ्चालनको मूल दस्तावेजको रुपमा संविधानलाई लिईन्छ । जसले राज्य सञ्चालनका सबै पक्षहरूलाई समेटी राज्य व्यवस्था सञ्चालनको लागि आधार खडा गर्दछ । यही दस्तावेजमा राज्य व्यवस्था सञ्चालनका सिद्धान्तहरूको उल्लेख गरी ती सिद्धान्तलाई अंगिकार समेत गरिएको हुन्छ ।

**नेपाल समेतले अवलम्बन गरेको संसदीय शासन प्रणाली**

राज्यका प्रमुख तीन अंगहरू कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका मध्ये व्यवस्थापिका अर्थात् संसद प्रधान रहने शासन प्रणालीलाई संसदीय शासन प्रणाली (Parliamentary System of Government) भनिन्छ । यस प्रणालीको आधारस्तम्भ (मियो) भनेकै संसद हो, त्यसैले संसद वरिपरि यस शासन प्रणाली घुमिरहेको हुन्छ । संसदीय शासन प्रणालीको उत्पत्ति र विकास वेलायतबाट भएको हुँदा लण्डन स्थित वेलायतको संसद भवन वेस्टमिनिस्टरको नामबाट नै यसलाई वेस्टमिनिस्टर मोडल (Westminister Model) को शासन प्रणाली पनि भन्ने गरिन्छ ।

बेलायतलाई नै संसदीय शासन व्यवस्थाको जननी मानिन्छ । संसदीय प्रणाली अवलम्बम गरेको बेलायतका अधिकांशपूर्व औपनिवेशिक मुलुकहरू (Commonwealth Countries) ले यस्तै मोडल अपनाएको पाइन्छ । यस्तो शासन प्रणालीमा कार्यपालिकाको स्थायित्व विधायिकाबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा विश्वास एवं अविश्वासको प्रस्ताव

Question Bank Nepal

**(२) राज्य निर्माण भन्नाले के बुझिन्छ ? स्पष्ट पार्दै राज्य निर्माण प्रक्रियामा नागरिक समाजको भूमिका बारेमा चर्चा गर्नुहोस् ।**

**राज्य निर्माण (State building)**

राज्य निर्माणलाई विभिन्न अन्तर्राष्ट्रिय निकाय तथा विद्वानहरूले आ-आफ्नै ढंगले परिभाषित गरेको पाइन्छ । जसले गर्दा राज्य निर्माणको अर्थ एवं परिभाषा गर्ने सवालमा मुलतः देहाय बमोजिम दुई वटा मत वा सिद्धान्त प्रचलनमा रहेको पाइन्छ :-

**(A) First Theories of State Building :-** राज्य निर्माणलाई अर्थ एवं परिभाषित गर्ने पहिलो मतले राज्य निर्माणलाई बाह्य वा अन्तर्राष्ट्रियकर्ताहरूको काम मान्दछ । जसअनुसार राज्य निर्माण भनेको कमजोर, द्वन्दोत्तर वा असफल राज्यहरूको निर्माण वा पुनर्निर्माण गर्ने कार्यमा अन्तर्राष्ट्रिय शक्तिहरूले खेल्ने भूमिका हो । यसको उदाहरणको रुपमा दोस्रो विश्वयुद्ध पछि द्वन्द्वग्रस्त तथा असफल राज्यहरूमा UNO र सम्बद्ध अन्य अन्तर्राष्ट्रिय निकाय एवं देशहरूले गरेको पुनर्निर्माणको कार्यलाई लिन सकिन्छ । आज आएर यस मतलाई पूरानो मतका रुपमा चर्चा गर्ने गरेको पाइन्छ ।

**(B) Second Theories of State Building:-** दोस्रो मतले राज्य निर्माणलाई नहेरी राज्य निर्माणलाई एक घरेलु वा राष्ट्रिय प्रक्रिया मान्दछ । यस मत अनुसार राज्य निर्माण आफ्नो सिमानाभित्र हुन्छ, सीमाना बाहिर हुँदैन । यस मतको प्रतिपादन आफ्नो अनुभवका आधारमा आर्थिक सहयोग तथा विकास संगठन (OECD) ले अघि सारेको हो । यस मत अनुसार अन्तर्राष्ट्रिय संगठन तथा सम्पन्न राष्ट्रहरूले विपन्न, द्वन्द्वग्रस्त तथा असफल राज्यहरूको निर्माणमा अनुदान र ऋण सहयोग मार्फत सहयोगी भूमिका निर्वाह सम्म गर्न सक्दछन् । सार्वभौमसत्ता सम्पन्न अर्को मुलुकमा राज्य निर्माण गर्न सक्दैनन् । यस मतलाई राज्य निर्माण सम्बन्धी आधुनिक मतको रुपमा लिइन्छ ।

निष्कर्षमा के भन्न सकिन्छ भने राज्य निर्माणको अर्थ एवं परिभाषा सार्वभौमसत्ता सम्पन्न मुलुकले आफ्नो राज्य सीमाना भित्र राज्यकै आन्तरिक स्रोत साधन वा वैदेशिक अनुदान तथा ऋण रकमबाट गर्ने विकासमूलक क्रियाकलापको रुपमा लगाउनु एवं गर्नु उपयुक्त हुन्छ । राज्य निर्माणमा बाह्य सहयोग स्वीकार्य भएपनि बाह्य हस्तक्षेप भने स्वीकार्य हुँदैन । राज्य निर्माणका विभिन्न पक्षहरू हुन्छन् । ती पक्षहरूको अध्ययनबाट राज्य निर्माण बारेमा अझ स्पष्ट हुन सकिन्छ । त्यसैले राज्य निर्माणका विभिन्न पक्षहरू तल बुँदागत रुपमा उल्लेख गरिएको छ :-

- ★ राज्य निर्माण राज्य समाज सम्बन्धको उपज हो ।
- ★ राज्य निर्माण प्रक्रियाको माध्यमबाट राज्यहरूले आफ्नो कार्यक्षमतामा अभिवृद्धि गर्दछन् ।
- ★ राज्य निर्माण विनास नभई विकाससँग सम्बन्धित हुन्छ ।
- ★ राज्य निर्माण सबै राज्यहरूमा निरन्तर रुपमा चल्ने राष्ट्रिय प्रक्रिया हो ।
- ★ राज्य निर्माणमा अन्तर्राष्ट्रिय निकायहरूको प्रत्यक्ष भूमिका स्वीकारिँदैन तर तिनको सहयोग एवं प्रभाव अस्वीकार गर्न भने सकिँदैन ।
- ★ राज्य निर्माणको अन्तिम टुंगो हुँदैन तर क्षेत्र भने परिवर्तन हुन सक्दछ ।
- ★ राज्य निर्माण विशुद्ध करकापको उपंज होइन यसले वैधताको माग गर्दछ ।
- ★ राज्य निर्माण समाजमा विद्यमान विभिन्न शक्तिहरू माझको अंतरक्रियाको उपज हो ।

**राज्य निर्माण प्रक्रियामा नागरिक समाजको भूमिका**

सरकारी संयन्त्र भन्दा बाहिर स्वैच्छिक र स्वतः स्फूर्त समूहको माध्यमबाट सामाजिक परिचालन गर्ने कार्यमा राजनैतिक रुपमा स्वतन्त्र, कार्यविधिमा लचिलो, निष्पक्ष एवं विश्वासिलो लागेको नागरिकहरूको समूहलाई नै नागरिक समाज भनिन्छ । ट्रेड युनियन, हित समूह, पेसागत संघ संस्थाहरू, चेम्बर अफ कमर्श, मानव अधिकार सम्बन्धी संगठन आदि नागरिक समाजका उदाहरण हुन् । नागरिक समाजले राज्य निर्माण प्रक्रियामा खेल्ने महत्वपूर्ण भूमिकालाई देहाय बमोजिम बुँदागत रुपमा उल्लेख गर्न सकिन्छ :-

- ★ नागरिक समाजले राज्य निर्माणको कुनै पनि बिन्दुमा आवश्यकता अनुसार जहाँ र जहिले पनि द्वन्द्वरत पक्ष, आम नागरिक र राज्यका शासकहरूका बीचमा सहजकर्ताको भूमिका निर्वाह गर्दछ ।
- ★ बहुसंस्कृतिक विविधतायुक्त राज्यमा विभिन्न समुदायहरूका बीच अनेकतामा एकता कायम गर्न विभिन्न क्रियाकलापहरू सञ्चालन गर्दछ ।
- ★ अन्तर समुदाय सद्भाव अभिवृद्धि गर्दै तिनको सामूहिक उर्जालाई राष्ट्र निर्माणमा लगाउने कार्यमा नागरिक समाजले महत्वपूर्ण भूमिका खेल्दछ ।
- ★ नागरिक समाजले सधैँ राज्य र निजी क्षेत्रको चेपुवामा परेका आम जनसमुदायको पक्षमा वकालत गर्दै राज्य

Question Bank Nepal

## सार्वजनिक सेवाको क्षेत्रमा पारदर्शिताको आवश्यकता

सार्वजनिक सेवा क्षेत्रमा पारदर्शिताको आवश्यकतालाई निम्नानुसार व्यक्त गर्न सकिन्छ :–

- ★ सार्वजनिक निर्णय प्रक्रियामा पारदर्शिताको अवधारणालाई आत्मसात गर्न सकिएमा मुलुकको विकासमा ठूलो योगदान हुन सक्छ ।
- ★ शक्तिको नियन्त्रण र सन्तुलन बिना सरकारी संयन्त्र निरंकुश बन्न पुग्छ । त्यसैले सार्वजनिक पदाधिकारी वा निकायको व्यवहार र आचरणमा नियन्त्रण र सन्तुलन कायम राख्न पारदर्शिता आवश्यक हुन्छ ।
- ★ पारदर्शिताबाट सार्वजनिक नीति निर्माणको प्रक्रियालाई खुला छलफलको माध्यमले निर्णयको प्रभावकारितामा अभिवृद्धि गराउन मद्दत गर्दछ ।
- ★ कुनै पनि सार्वजनिक नीतिको सफल कार्यान्वयन जनसहयोग एवम् जनसहभागिता बिना सम्भव हुँदैन त्यसैले जनसहभागिता जुटाउन नीति निर्माणकै बेला जनविश्वास प्राप्त गर्न त्यसमा पारदर्शिता जरुरी छ ।
- ★ पारदर्शिताको परिपालनाबाट सार्वजनिक नीति निर्माणमा जनसहभागिता बढाएर असल शासनको प्रत्याभूति दिन सकिन्छ ।
- ★ पारदर्शिताबाट सार्वजनिक क्रियाकलापमा व्यापक जनसहभागिता जुटाउन सकिने हुँदा यसबाट ग्रहण गरिने जुनसुकै नीति एवम् निर्णयमा अधिकतम जन स्वीकृति प्राप्त गर्न सकिन्छ ।
- ★ पारदर्शिताबाट सरकारी नीति, निर्णय र क्रियाकलाप सम्बन्धी अनिश्चिततालाई हटाउन ठूलो मद्दत पुग्छ ।
- ★ पारदर्शिताले अनुत्पादक र व्यर्थको हल्लालाई निरुत्साहित गर्दछ ।
- ★ पारदर्शिताले जनताको आत्मसम्मानको अभिवृद्धि गर्दछ । प्रजातन्त्र र विकासका लागि जनताको सम्मान एक ठूलो पूँजी मानिन्छ ।

## पारदर्शिताको अभावमा सार्वजनिक क्षेत्रको अवस्था

पारदर्शिता असल शासनको लागि एक आवश्यक तत्व हो । असल शासन भन्नाले जनमुखी शासन पद्दति भन्ने बुझिन्छ । कुनै पनि शासन पद्दति असल हुनका लागि शासन प्रक्रियामा सहभागिता, पारदर्शिता, प्रतिबद्धता, जवाफदेहिता आदि जस्ता गुणहरू हुनुपर्दछ । असल शासन र भ्रष्टाचार एक अर्काका शत्रु हुन् । यदि कुनै देशको शासन पद्दतिमा जनसहभागिता नभएमा जनताले त्यसलाई अपनत्व बोध गर्न सक्दैनन्, त्यस्तै निर्णय प्रक्रियामा पारदर्शिता नभएमा त्यहाँ अनियमितता, अनुशासनहिनता एवम् व्यक्तिगत स्वार्थका लागि सार्वजनिक पद, शक्ति एवम् स्रोत साधनको दुरुपयोग हुन जान्छ ।

पारदर्शिताले सरकारी नीति निर्णय, प्रक्रिया, योजना निर्माण, सार्वजनिक कोषको उपयोग आदि जस्ता थुप्रै काम कारवाही खुला हुनुपर्दछ भन्ने मान्यता राख्दछ । त्यसैले सार्वजनिक क्षेत्रमा मनोमानी एवम् अनियमितता रोक्नका लागि पारदर्शिताले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

पारदर्शिताको अभावमा राजनैतिक दलहरूले आफ्नो दलीय स्वार्थ अनुरुपका नीति, कार्यक्रम तर्जुमा गरी सार्वजनिक कोषको सीमित व्यक्ति एवम् आफ्नो दलीय हितका लागि दुरुपयोग गर्ने सम्भावना हुन्छ भने सो नीति, एवम् कार्यक्रमको कार्यान्वयनका क्रममा प्रशासनिक संयन्त्रले पनि सार्वजनिक कोषको दुरुपयोग गर्ने सम्भावना रहन्छ ।

सार्वजनिक सेवा वा क्षेत्रमा पारदर्शिताको अवलम्बन नगरिँदा भ्रष्टाचारले बढावामात्र पाउँदैन, बरु भ्रष्टाचार नियन्त्रण गर्ने सम्भावना पनि झन् झन कम हुन जान्छ । पारदर्शिताको अभावमा भ्रष्टाचार जन्य कार्य भएको पत्ता लगाउन ज्यादै कठिन हुन्छ । पारदर्शिताको अभावमा सरकारी सामान खरिद, भन्सार, कर, प्रहरी, अध्यागमन, लाइसेन्स, निर्माण ठेक्का आदि जस्ता विविध क्षेत्रमा भ्रष्टाचार हुने सम्भावना हुन्छ । भ्रष्टाचार भएको पनि पाइएको छ ।

पारदर्शिताको अभावमा सार्वजनिक क्षेत्रको अवस्था भ्रष्टाचारमय हुने कुरामा कसैको दुईमत हुन सक्दैन तर पारदर्शिताका नाममा सरकारले लिने सम्पूर्ण प्राकृतिका निर्णय सार्वजनिक रुपमा खुला हुनुपर्दछ भन्ने मान्यता राख्नु हुँदैन किनकी कतिपय विषयहरू राष्ट्रको सार्वभौम अस्तित्व र शान्ति सुरक्षाका दृष्टिले संवेदनशील हुन सक्दछन् भने कतिपय सूचनाहरू खुला गर्दा भ्रष्टाचार न्यूनीकरण नभएर झन् भ्रष्टाचार बढी समस्या सिर्जना हुन सक्दछ । त्यसैले पारदर्शिता सुशासनको लागि एक अपरिहार्य तत्व भएता पनि भ्रष्टाचार न्यूनीकरण समेतका लागि कतिपय सूचनाहरू पारदर्शी नबनाई गोप्य राख्नुपर्ने हुन्छ अर्थात् पारदर्शिताका केही सीमाहरू पनि रहेका हुन्छन् । तीन सीमाहरूमा ख्याल पुऱ्याउँदै पारदर्शितालाई आत्मसात गर्न सकेमा सार्वजनिक क्षेत्रलाई भ्रष्टाचार मुक्त बनाउन सकिने कुरामा विश्वास गर्न सकिन्छ ।

Question Bank Nepal

# अभ्यास प्रश्न सेट ४ समाधान सहित

## अभ्यास प्रश्न

**Section (A) - 10 Marks × 3 Questions = 30 Marks**

(१) पारदर्शिताको भन्नाले के बुझिन्छ ? सार्वजनिक क्षेत्रमा पारदर्शिताको आवश्यकता किन पर्दछ ? उल्लेख गर्दै पारदर्शिताको अभावमा सार्वजनिक क्षेत्रको अवस्था भ्रष्टाचारमय हुन्छ। भन्ने गरिन्छ। स्पष्ट पार्नुहोस्।

(२) राज्य निर्माण भन्नाले के बुझिन्छ ? स्पष्ट पार्दै राज्य निर्माण प्रक्रियामा नागरिक समाजको भूमिका बारेमा चर्चा गर्नुहोस्।

(३) राज्य व्यवस्था सञ्चालनका प्रमुख सिद्धान्तहरू के-के हुन् ? उल्लेख गर्दै हाल नेपालले समेत अवलम्बन गरेको संसदीय शासन प्रणालीबारे संक्षिप्तमा परिचय दिनुहोस्।

**Section (B) - 10 Marks × 2 Questions = 20 Marks**

(४) नेपालको संविधान, २०७२ मा उल्लेख भएका मौलिक हकहरूको सूची बनाउनुहोस् र उक्त संविधानले स्वतन्त्रता सम्बन्धी हकको ग्यारेन्टी कसरी गरेको छ ? स्पष्ट पार्नुहोस्।

(५) कानून तर्जुमामा तर्जुमाकारको भूमिका र तर्जुमा गर्दा निजले विचार गर्नुपर्ने कुराहरू के के हुन् ? उल्लेख गर्दै नेपालको विधि निर्माण प्रक्रियामा रहेका समस्याहरू ती समस्याहरू समाधान गर्न सहयोग पुग्ने उपयुक्त सुझाव पेश गर्नुहोस्।

**Section (C) - 10 Marks × 3 Questions = 30 Marks**

(६) नेपालमा विद्युतीय शासनको प्रयोगको अवस्थाबारे प्रशासन सुधार सुझाव समिति, २०७० ले कस्तो सुझाव दिएको छ ? चर्चा गर्दै विद्युतीय शासनको कार्यान्वयनमा देखिएका समस्या/अवरोध तथा समस्या समाधानका लागि सुझाव प्रस्तुत गर्नुहोस्।

(७) सार्वजनिक सेवा वडापत्र भन्नाले के बुझ्नुहुन्छ ? यस वडापत्रमा अन्तर्गत के–कस्ता विषयवस्तुहरू समेटिन्छन् ? स्पष्ट पार्नुहोस्।

(८) सार्वजनिक नीतिका प्रमुख विशेषताहरू उल्लेख गर्दै नेपालमा सार्वजनिक नीतिका कमजोरी वा सीमाहरू के के देख्नुहुन्छ ? ती सार्वजनिक नीति सम्बन्धी समस्या समाधानका लागि सुझाव प्रस्तुत गर्नुहोस्।

(९) विकासमा जनसहभागिताको अवधारणात्मक परिवर्तन र विकासमा जनसहभागिताका तहहरूबारे चर्चा गर्दै विकासमा जनसहभागिताको विभिन्न चरणहरूबारे लेख्नुहोस्।

**Section (D) - 10 Marks × 2 Questions = 20 Marks**

(१०) गैरबजेटरी खर्च र घाटा बजेटको परिचय दिदैं गैरबजेटरी खर्च नियन्त्रणका उपाय तथा घाटा बजेट पूर्तीका तरिकाहरू बुदाँगत रुपमा लेख्नुहोस।

## समाधान

**(१) पारदर्शिताको भन्नाले के बुझिन्छ ? सार्वजनिक क्षेत्रमा पारदर्शिताको आवश्यकता किन पर्दछ ? उल्लेख गर्दै पारदर्शिताको अभावमा सार्वजनिक क्षेत्रको अवस्था भ्रष्टाचारमय हुन्छ। भन्ने गरिन्छ। स्पष्ट पार्नुहोस।**

**पारदर्शिता (Transparency)**

पारदर्शिताको भनेको सार्वजनिक हितका लागि कार्यरत प्रमुख सार्वजनिक पात्रहरूबीच जानकारी तथा दायित्वको आदान प्रदान गर्न प्रोत्साहित गर्ने सरकारको खुलापन र मान्यताको पद्दति हो। त्यस्तै गरी सरकारद्वारा आफ्नो नीति र कार्य सम्बन्धमा सर्वसाधारणलाई सुसूचित गर्नुपर्ने, उक्त नीति वा निर्णय लिनुपर्ने कारण र आधार, त्यसको कार्यन्वयनबाट पर्ने प्रभाव, र त्यसमा लाग्ने खर्चको पूर्ण जानकारी दिइने प्रचलन तथा सामान्य नागरिक लगायत पत्रकारले सरकारी लिखत प्राप्त गर्न पाउने अधिकार सुनिश्चित गरिनुलाई पारदर्शिता भनिन्छ।


सरकारले नागरिकहरूको हित र कल्याणका लागि के काम गर्दैछ भनेर जान्ने अधिकार सबैको हुन्छ, पारदर्शिता भनेको सरकारी गतिविधि सम्बन्धी सूचनाको त्यस्तो स्वतन्त्र प्रवाह हो, जसमा राजनीतिक लगायत अन्य सार्वजनिक पदाधिकारीद्वारा गरिने जुनसुकै निर्णय तथा कार्यको सम्बन्धमा सार्वजनिक छलफल र छानबिन गर्न सकिन्छ।

पारदर्शिता केवल नकारात्मक राजनीतिक एवम् नोकरशाही व्यवहार विरुद्ध लड्न सकिने साधन मात्र नभई प्रजातान्त्रिक सत्ता सञ्चालन सम्बन्धी दृष्टिकोण पनि हो। सारांशमा भन्ने हो भने पारदर्शिता खुला समाजको त्यो स्वरुप हो, जहाँ कुनै पनि किसिमको सार्वजनिक क्रियाकलाप र सार्वजनिक क्षेत्रका व्यक्तिको व्यक्तिगत आचरणलाई सर्वसाधारणको परीक्षणको विषय बनाइन्छ र त्यस्तो क्रियाकलाप तथा आचरणलाई लुकाइँदैन।

Question Bank Nepal

| | |
|---|---|
| + बैंक तथा वित्तीय बैंक संस्थाको ऋण असुली ऐन, २०५८ तथा नियमावली,२०५९ | + बैंक तथा वित्तीय संस्था ('क','ख','ग' र 'घ' वर्ग) |
| + बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ | + बीमा समिति तथा बीमा कम्पनीहरू |
| + बीमा ऐन, २०४९ तथा नियमावली, २०४९ | + सहकारी विभाग तथा सहकारी संस्थाहरू |
| + सहकारी ऐन, २०४८ तथा नियमावली, २०४९ | + नेपाल स्टक एक्सचेन्ज (NEPSE) |
| + धितोपत्र कारोबार ऐन, २०४० तथा नियमावली, २०५० | + कर्मचारी सञ्चय कोष |
| + गरीवी निवारण कोष ऐन, २०६३ | + नागरिक लगानी कोष |
| + हुलाक ऐन, २०१९ तथा हुलाक बचत बैङ्क नियमावली, २०३३ | + हुलाक बचत बैंक |
| + नागरिक लगानी कोष ऐन, २०४७ | + निक्षेप तथा कर्जा सुरक्षण निगम |
| + कर्मचारी सञ्चयकोष ऐन, २०१९ | + कर्जा सूचना केन्द्र लिमिटेड |
| + राष्ट्रिय बीमा संस्थान ऐन, २०२५ | + ग्रामीण स्वावलम्वन कोष |
| + विनिमेय अधिकार पत्र ऐन, २०३४ आदि । | + नेपाल धितोपत्र तथा बोर्ड नेपाल स्टक एक्सचेन्ज लि. आदि । |

**वित्तीय व्यवस्थापन चक्र**




**(A) Planning** - योजना Financial Management Cycle को प्रथम चरण हो । जसमा सर्वप्रथम समग्र अर्थतन्त्रको लागि स्थापित संस्था पर्याप्त छन्, छैनन् सो को आंकलन गर्ने, थप वित्तीय संस्थाको आवश्यकता महसुस भएमा कति, कुन प्रकारको , कहिलेसम्म, स्थापना हुनुपर्ने हो, कसले संचालन गर्ने भन्ने कुराको योजना बनाउने जस्ता पक्षहरू पर्दछन् ।

**(B) Environment Creation** - Financial Management Cycle को द्वितीय चरणको रुपमा रहने Environment Creation मा वित्तीय संस्था संचालन अनुमती दिने, त्यस्ता संस्था संचालन गर्दा पुरा गर्नु पर्ने कार्यविधी स्वयम अपनाउनु पर्ने नीतिको स्पष्ट व्यवस्था गर्ने, स्वच्छ प्रतिस्पर्धा हुन सक्ने वातावरण सिर्जना गर्ने (जस्तोकी एकै किसिमको संस्थाको लागी एकै किसिमको व्यवहारको सुनिश्चितता), वित्तीय संस्थाको सञ्चालन अनुमति दिने स्वयम् अनुगमन, नियन्त्रण गर्ने निकायलाई जिम्मेवारी पुरा गर्न सक्ने गरी साधन स्रोतको बाँडफाँड गर्ने लगायतका बिषयहरू पर्दछन् ।

**(C) Operating, Monitoring** - Financial Management को यस चरणमा सरकार आफैले यस्ता संस्था सञ्चालन गर्ने भए आफैले सञ्चालन गर्ने । यदि निजी एवम गैरसरकारी क्षेत्रले सञ्चालन गर्ने भए उनीहरूको काम कारवाही एवम आर्थिक गतिविधीको निरन्तर रुपमा अनुगमन गर्ने विषय पर्दछ ।

**(D) Evalution& Reporting**- स्थापित वित्तीय संस्थाहरूले आफ्ना गतिविधिहरू सञ्चालन गर्दा उल्लेखितनीति, नियम, कार्यविधि एवं मापदण्डको परिधि भित्र रहे नरहेको मुल्यांकन गर्ने, कानुन बमोजिम तोकिए बमोजिम तोकिएको सीमामा रहेर कारोवार सञ्चालन गरे नगरेको मुल्यांकन गरी सम्वद्ध पक्षलाई त्यसको वारेमा Reporting गर्ने जस्ता विषय यस चरणमा पर्दछन् ।

**(E) Corrective action** - मूल्यांकनवाट प्राप्त Report का आधारमा कुनै वित्तीय संस्थामा कमजोरीहरू देखिए सुधारका लागि सुझाव दिने । आवश्यक परेको खण्डमा राष्ट्र बैंक आफैले केही समयका लागि व्यवस्थापन आफ्नो जिम्मामा लिने सुधारका अन्तिम विकल्प प्रयोग गर्दा सम्म पनि सुधार नहुने संस्थाहरूलाई वित्तीय क्षेत्रवाटै Exit गराउने लगायतका बिषयहरू यस अन्तर्गत पर्दछन् ।

निष्कर्षमा भन्दा वित्तीय क्षेत्रको स्थापनाको अनुमति देखि लिएर प्रतिस्पर्धात्मक वित्तीय व्यवस्थाका माध्यमबाट सुरक्षित वित्तीय कारोबारलाई प्रवर्द्धन गर्ने किसिमका कानूनी, नीतिगत एवम् संस्थागत पद्दति एवम् प्रणालीलाई नै वित्तीय व्यवस्थापन भनिन्छ । कुशल वित्तीय व्यवस्थापनको माध्यमको वित्तीय क्षेत्रको सामाजिक उत्तरदायित्व निर्वाहमा प्रभावकारीता ल्याई सामाजिक व्यवसायिकता प्रवर्द्धन गरी पिछडिएका क्षेत्र, वर्ग एवम् समुदाय समेतको क्षमता अभिवृद्धि गर्दै समग्र जनताको जीवनस्तरमा सुधार ल्याउन सकिन्छ ।

Question Bank Nepal

**कार्यक्रम बजेट तर्जुमा गर्दा ध्यान पुऱ्याउनु पर्ने कुराहरू**

दीर्घकालीन दृष्टिकोण राखी योजनाबद्ध प्रक्रियाद्वारा कार्यक्रम तर्जुमा गरेर सोका लागि बजेट अनुमान तयार गरी कार्यक्रम सञ्चालनबाट हुने उपलब्धितर्फ बढी ध्यान केन्द्रित गरिने बजेट नै कार्यक्रम बजेट हो। यस्तो बजेट तर्जुमा गर्दा ध्यान पुऱ्याउनु पर्ने कुराहरू निम्नानुसार रहेका छन् –

★ कार्यान्वयन तहबाट आएको कार्यक्रमलाई मात्र छनौट गर्नुपर्दछ।
★ कार्यसम्पादन मापनका परिसूचकहरू प्रष्ट र पारदर्शी हुनुपर्छ।
★ स्रोत जुटाउने क्षमताका आधारमा मात्र कार्यक्रम स्वीकृत गरिनुपर्छ।
★ संस्थागत क्षमताको मूल्यांकन गरेर मात्र कार्यक्रम तर्जुमा गर्नुपर्दछ।
★ एकपटक अन्तिम रुप दिइसकिएको कार्यक्रमलाई पुनः परिवर्तन गर्ने गल्ती गर्नु हुँदैन।
★ योजनाको प्राथमिकीकरणका आधारमा कार्यक्रम तर्जुमा गरी बजेट विनियोजन गर्नुपर्दछ।
★ कार्यक्रमको लाभ लागत विश्लेषण, आन्तरिक प्रतिफलदर विश्लेषण भरपर्दो र विश्वासिलो हुनुपर्छ।
★ विकल्पहरू उपर पर्याप्त ध्यान दिनु पर्छ।
★ योजना, कार्यक्रम र बजेटबीच अन्तरसम्बन्ध सुदृढ हुनुपर्छ।
★ कार्यान्वयन तथा अनुगमन गर्ने निकायहरू प्रष्ट हुनुपर्दछ।
★ आवधिक योजना र वार्षिक कार्यक्रमबीच तालमेल हुनुपर्छ।
★ उत्तरदायित्व, पारदर्शिता र सहभागिताको संयन्त्र सुनिश्चित गर्नुपर्दछ।


**(१०) वित्तीय व्यवस्थापन भन्नाले के बुझिन्छ ? नेपालमा यस सन्दर्भमा भएका व्यवस्थाहरू उल्लेख गर्दै वित्तीय व्यवस्थापन चक्र बारेमा चर्चा गर्नुहोस्।**

**वित्तीय व्यवस्थापन (Financial management)**

सर्वजनिक वित्त व्यवस्थापन भनेको सार्वजनिक वित्तको पहिचान, सोको परिचालन एवं उपयोग मार्फत लक्षित नतिजा प्राप्त गर्ने कार्य हो। वित्तीय व्यवस्थापन भनेको वित्तीय क्षेत्रसँग सम्बन्धित विभिन्न सघं सस्थालाई सञ्चालन अनुमती दिने एवं सो को नियमन र निरिक्षण गर्ने कार्य हो।

वित्तीय संस्था भन्नाले कृषि, सहकारी, उद्योग वा अन्य कुनै खास आर्थिक प्रयोजनको लागी कर्जा दिने वा सर्वसाधरण जनतावाट निक्षेप संकलन गर्ने उद्देश्यले प्रचलित कानुन बमोजिम स्थापना भएको वित्तीय संस्था सम्झनु पर्छ र सो शब्दले नेपाल सरकारले नेपाल राजपत्रमा सुचना प्रकाशन गरी वित्तीय संस्था भनी तोकिदिएको सस्था समेतलाई जनाउँदछ। (नेपाल राष्ट्र बैङ्क ऐन २०५८ को दफा २ छ)।

बैङ्क तथा वित्तीय संस्थाहरूले सार्वजनिक हितलाई बिर्सिएर आफ्नो व्यवसायिक हितलाई मात्र प्रर्वद्धन गर्न सक्ने कुरालाई रोकी यस क्षेत्रलाई कुशल प्रभावकारी जनमुखी र व्यवसायिक बनाउन अवलम्बन गरिने विधी नै सामान्य अर्थमा वित्तीय व्यवस्थापन हो।




बैङ्क एवं वित्तीय सस्थाको स्थापना सञ्चालन स्थायित्व सम्बर्द्धन नियमन एवं नियन्त्रण सम्बन्धी प्रणालीको रुपमा रहेको वित्तीय व्यवस्थापनले हो वित्तीय श्रोतको परिचालन संलग्न सस्थाको क्रियाकललाप सामान्य व्यवस्थापकीय सिद्धान्तको प्रयोगमा यसले जोड दिन्छ। वित्तीय व्यवस्थापन एक क्षेत्रगत अवधारण हो, जसले नितान्त बैङ्क एवं वित्तीय क्षेत्रसँग मात्र सरोकार राख्दछ।

वित्तीय व्यवस्थापन एक निरन्तर एवं गतीशील प्रक्रीया हो। समग्रमा भन्दा समाजमा छरिएर रहेको स सानो वित्तीय स्रोत वचतको collector and mobilizer को रुपमा रहने वैकिङ्ग, विमा, सहकारी, सेक्यूरिटी वजार एवं अन्य वित्तीय कोष तथा संस्था सम्वन्धि योजना वनाउने, स्थापनाको लागी अनुमती दिने, सञ्चालनका लागी उपयुक्त वातावरण सिर्जना गरिदिने, उनीहरूले सञ्चालन गरिरहेका आर्थिक गतिविधिहरूको अनुमगमन तथा मुल्याङ्कन गर्ने र आवश्यकता अनुरुप सुधारात्मक कदमहरू चाल्ने कार्यको समष्टी नै वित्तीय व्यवस्थापन हो।

**Financial management & social accountability**

| कानूनी तथा नीतिगत व्यवस्थाहरू | संस्थागत व्यवस्थाहरू |
|---|---|
| + नेपाल राष्ट्र बैंङ्ग ऐन, २०५८ | + नेपाल सरकार, अर्थ मंत्रालय |
| + बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ | + नेपाल राष्ट्र बैंक (केन्द्रिय बैंक) |


Question Bank Nepal

कार्यक्रम बजेटका अभिन्न अंगहरू संरचना, विश्लेषण र सूचना हुन् र राजनीतिक चयन (इच्छा) लाई व्यवस्थित रुप दिन यस बजेटले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । लागत लाभ विश्लेषणका आधारमा मात्र स्रोतको विनियोजन गरिने यस बजेट प्रणाली उत्तरदायित्व, पारदर्शिता र सहभागितालाई व्यवहारमा उतार्न सकिन्छ । बजेट र कार्यक्रमलाई एकिकृत गर्ने उपयुक्त माध्यमको रुपमा रहने यस बजेट तर्जुमा गर्दा प्रतिस्पर्धी नीति तथा कार्यक्रम उपर पर्याप्त ध्यान दिन सकिन्छ । सार्वजनिक खर्चलाई राष्ट्रिय अर्थतन्त्रमा प्रभावकारी योगदान दिने वातावरण तयार गर्न यस्तो बजेट आवश्यक मानिन्छ । कार्यक्रम बजेटका सवल पक्षहरू तथा दुर्वल पक्षहरूलाई तलको तालिकामा प्रस्तुत गरिएको छ –

| कार्यक्रम बजेटका सवल पक्षहरू तथा दुर्वल पक्षहरू | |
|---|---|
| **सवल पक्षहरू (Merits)** | **दुर्वल पक्षहरू (Demerits)** |
| • मितव्ययिता, सक्षमता एवं प्रभावकारीता (3E) | • साधारण तथा आकस्मिक कार्यका लागी अनुपयुक्त र अवलम्बन गर्न कठिन |
| • सिमित स्रोत साधनको कुशल उपयोग | • सबै अवस्थामा लाभ-लागत विश्लेषण गर्न नसकिने |
| • आर्थिक अनुसाशन कायम | • लैङ्गिग बजेटका लागी अनुपयुक्त |
| • विकास अर्थात् पूँजीगत बजेटका लागी उपयुक्त | • कल्याणकारी कार्यक्रमका लागि अव्यवहारिक |
| • विकास क्रियाकलापमा प्रभावकारीता | • सामाजिक न्याय सम्बन्धी क्रियाकलापका लागि जटिल. |

**कार्यक्रम बजेटका आधारहरू बारे चर्चा**

शाब्दिक अर्थमा कार्यक्रमका आधारमा तय गरिने बजेट नै कार्यक्रम बजेट हो । हाल कार्यक्रम बजेटकै सुधारिएको रुपमा कार्य सम्पादनमा आधारित कार्यक्रम बजेट प्रणाली र रणनीतिक बजेटको प्रयोग बढिरहेको छ । योजना, कार्यक्रम र बजेटलाई कार्यक्रम बजेटका मूल आधारका रुपमा लिने गरिन्छ, जसबारे तल चर्चा गरिएको छ –




(क) योजना – भौतिक एवं मानवीय साधनको परिचालन गरी पूर्वनिर्धारित लक्ष्यलाई निश्चित अवधिमा प्राप्त गर्ने एक पूर्ण विकसित कार्य प्रणाली वा व्यवस्थालाई योजना भनिन्छ । अर्को शब्दमा योजना समय, स्रोत साधन र कार्यक्रम बीचको सामञ्जस्य हो । योजना कार्यक्रम बजेट प्रणालीको को एक अनिवार्य अंग अर्थात् आधार स्तम्भ हो । योजनाकै माध्यमबाट अपेक्षित लक्ष्य हासिल गर्ने प्रयत्न गरिन्छ । स्रोत साधनको उच्च परिचालन गर्न योजना तर्जुमा गरिन्छ । कार्यक्रम बजेटका सन्दर्भमा तर्जुमा हुने योजना अत्यन्त Specific र Goal oriented हुन्छ ।

(ख) कार्यक्रम – प्रत्येक संगठनका उद्देश्यहरू र त्यसको पूर्ति गर्नको लागि स्वीकृत योजना अनुसार निर्धारण गरिने क्रियाकलापहरूको श्रृङ्खला नै कार्यक्रम हो । कार्यक्रम बजेट प्रणालीका प्रमुख तीन आधारस्तम्भ मध्ये कार्यक्रम पनि एक हो । कार्यक्रम बजेटमा प्रत्येक Activities लाई कार्य समूहमा वर्गीकरण गरिन्छ । यस्तो वर्गीकरणका खर्चका आधारमा नभई अपेक्षित नतिजाका आधारमा गरिने भएकोले उद्देश्यमूलक हुन्छ । यसमा प्रक्रिया भन्दा परिणाम महत्वपूर्ण हुने भएकोले उत्पादनमूलक सिद्धान्तमा कार्यक्रम तर्जुमा गरिन्छ । कार्यक्रमहरूको संख्यात्मक वर्णनमा विशेष जोड दिइन्छ । कार्यक्रम तर्जुमा गर्दा विकल्पहरूको cost- benefit and Input - output ratio को आधारमा मूल्यांकन गरिन्छ । परिमाणात्मक नापको सम्भावना नरहने कार्यक्रमको गुणात्मक नाप उल्लेख गरिन्छ ।

(ग) बजेट – कार्यक्रम बजेट प्रणालीका प्रमुख तीन आधारस्तम्भ मध्ये बजेट पनि एक हो । यस बजेट प्रणालीमा योजना र कार्यक्रम निश्चित भएपछि मात्र बजेट विनियोजन गरिन्छ । योजनाको दीर्घकालीन दृष्टिकोण र कार्यक्रमको विकल्प विश्लेषणले बजेटलाई यथार्थ बनाउँछ । तोकिएको लक्ष्य हासिल गर्न तोकिएको कार्यक्रममा बजेट छुट्याइने भएकोले मितव्ययिता र प्रभावकारिता कायम गर्न सकिन्छ । यस्तो बजेट एक अनुशासनमा बाँधिने भएकोले हिनामिन र दुरुपयोग हुने सम्भावना कम हुन्छ भने विकल्प विश्लेषणबाट कार्यक्रम तर्जुमा हुने भएकोले खर्च नहुने वा पर्याप्त नहुने सम्भावना पनि रहँदैन ।

Question Bank Nepal

★ पचास वर्ष पुगेको कर्मचारीलाई सामान्यतया "क" वर्गको भौगोलिक क्षेत्रमा सरुवा नगरिने .स्पष्ट व्यवस्था गरिएको ।

★ विभागीय कारवाही गर्नुपर्दाको अवस्थामा र कर्मचारीले मागेको अवस्थामा वाहेक तोकिएको अवधि नपुग्दै सरूवा भएमा नयाँ ठाउँमा वन्दोवस्त गर्न एक महिनाको तलव वरावर रकम पाउने ।

★ वर्षको एक पटकमा कम्तिमा सात दिन घर विदा लिई घर जाँदा र आउँदा पैदल वाटोलाई आठ कोषको निमित्त एक दिनका दरले र अन्य साधन वाट आउन जान जति दिन लाग्ने हो त्यति दिन वाटोको म्याद पाउने व्यवस्था रहेको ।

★ एक वर्षको सेवा पूरा गरेपछि तोकिए वमोजिमको रकम तलव वृद्धि पाउने ।

★ सरकारी कामको सिलसिलामा चोट पटक लाग्न गएमा रू १० हजार सम्म एक मुष्ट आर्थिक सहायता, थप विरामी विदा र उपचार खर्च पाउने ।

★ स्थानीय भत्ता पाउने स्थानमा वसी काम गरेको भएमा तोकिए वमोजिम स्थानिय भत्ता पाउने तथा पकाएको तलवभत्ता जुनसकै कारणले सेवामा नरहेमा पनि पाउने ।

★ अवकाश दिने, हटाउने वा वर्खास्त गर्ने गरी भएको आदेश अदालतवाट रद्द भई सेवामा पुनः कायम भएमा वर्खास्त भएको मिति देखि कायम भएको अवधि सम्मको तलव भत्ता पाउने.।

★ निजामती कर्मचारीले पकाएको घर विदा १८० दिनसम्म संचित गरी राख्न पाउने ।

★ सेवावाट अवकाश हुँदा सञ्चित घर विदा वापत खाईपाई आएको तलवको दरले हुने एकमुष्ट रकम पाउने ।

★ एक वर्षमा १२ दिनको दरले पाउने विरामी विदा जतिसुकै दिन पनि संचित गरी राख्न पाउने र उक्त विदाको रकम सेवावाट अवकाश (अलग) हुँदा खाईपाई आएको तलवको दरले हुने रकम एकमुष्ट लिन पाउने ।

★ प्रसूति विदा तथा प्रसूति स्याहार विदा पाएका निजामती कर्मचारीलाई वच्चाको स्याहारको निमित्त वढीमा दुई वटा वच्चाको लागि जनही एकमुष्ट पाँचहजार रूपैया शिशु स्याहार भत्ता दिइने व्यस्था रहेको छ आदि ।

निजामती सेवा ऐन तथा नियमावलीमा भएका तलव भत्ता र लगायत अन्य विविध सहुलियतका यी व्यस्थाहरूले निजामती सेवा तर्फ आकर्षण बढाउन सहायकसिद्ध भएको पाईन्छ । तथापी निजामती सेवामा आकर्षण बढाउन यी व्यवस्थालाई मात्र पूर्ण मान्न सकिदैन । तसर्थ यसका लागी नीजि तथा सार्वजनिक संस्थान क्षेत्रका कर्मचारीहरूले प्राप्त गर्ने तलव भत्ता र लगायत अन्य विविध सहुलियतलाई मध्यनजर राखी निजामती सेवामा तलव भत्ता र लगायत अन्य विविध सहुलियतहरू बढाउदै लैजान सकेमा अवश्य पनि यस सेवा तर्फ आकर्षण बढाउने कुरामा दुई मत हुन सक्दैन ।

**(९) कस्तो बजेटलाई कार्यक्रम बजेट भनिन्छ ? कार्यक्रम बजेटका आधारहरू बारे चर्चा गर्दै कार्यक्रम बजेट तर्जुमा गर्दा ध्यान पुऱ्याउनु पर्ने कुराहरू के-के हुन् लेख्नुहोस् ।**

**कार्यक्रम बजेट (Programme Budget)**

*"अर्थशास्त्रीय दृष्टिकोणबाट तयार गरिने समष्टिगत बजेट"*

सामान्यतया निश्चित अवधिमा सम्पन्न गरिने कार्यक्रमहरू तय गरिसकेपछि ती कार्यक्रमहरूको आधारमा बजेट तर्जुमा गरिन्छ भने त्यसरी तर्जुमा गरिएको बजेटलाई नै कार्यक्रम बजेट (Programme Budget) भनिन्छ । यसमा दीर्घकालीन दृष्टिकोण राखी योजनाबद्ध प्रक्रियाद्वारा कार्यक्रम तर्जुमा गरेर सोका लागि बजेट अनुमान तयार गरी कार्यक्रम सञ्चालनबाट हुने उपलब्धितर्फ बढी ध्यान केन्द्रित गरिन्छ ।

सन् १९४९ मा संयुक्त राज्य अमेरिकाको सरकारले खर्चको उपादेयतामा अभिवृद्धि गर्न यस बजेट प्रणालीको थालनी गरेकोमा हाल सम्म आईपुग्दा यस कार्यक्रम बजेट प्रणालीले विश्वव्यापी मान्यता पाएको छ ।

परम्परागत बजेट प्रणालीका अवगुणहरूलाई हटाई तोकिएको कार्यक्रम दक्ष र प्रभावकारी किसिमले सम्पन्न गर्ने उद्देश्यले प्रतिपादन गरिएको यस कार्यक्रम बजेटको थालनी नेपालमा वि.सं. २०२६ सालदेखि भएको हो । समग्रमा कार्यक्रम बजेटले निम्न पक्षलाई समेटेको पाईन्छ –

- उद्देश्यको बाहुल्यता,
- उद्देश्यलाई कार्यक्रममा विभक्तिकरण,
- उद्देश्यको दीर्घकालीन सोँच,
- सो सोँचका लागि योजना
- योजनालाई बजेटमा उचित स्थान
- स्रोत साधनको प्रभावकारितापूर्ण र मितव्ययी वैकल्पिक प्रयोग
- उद्देश्यमा पुग्ने वैकल्पिक उपाय तथा प्रयोग
- बजेट निर्णयमा विवेकपूर्ण (Rational) छनौट
- निर्णय प्रक्रियाको प्रयोग ।

Question Bank Nepal

**निजामती सेवा ऐन, २०४९ अनुसार**

(क) दफा २ (क) :– मा उल्लेख भएअनुसार सेवाको गठन, सञ्चालन र सेवाका शर्त तथा निजामती कर्मचारीहरूको व्यवस्थापन र सञ्चालन गर्ने सम्बन्धमा सामान्य प्रशासन मन्त्रालयले केन्द्रिय कर्मचारी निकाय (CPA) को रुपमा कार्य गर्ने गरी व्यवस्था भएको सेवा नै निजामती सेवा हो ।

(ख) दफा ३ :– अनुसार सरकारवाट १० वटा सेवाहरू गठन गरी सञ्चालनमा ल्याइएको सेवाहरू तथा छुट्टै ऐनद्वारा व्यवस्थित गरिएको संसद सेवा र स्वास्थ्य सेवाको समष्टि नै निजामती सेवा हो भन्न सकिन्छ ।

**नेपालको निजामती सेवामा तलव भत्ता र अन्य सेवा–सुविधा**

निजामती सेवा ऐन, २०४९ का विभिन्न दफा तथा नियमावली, २०५० का विभिन्न नियमहरूमा नेपालको निजामती सेवाका कर्मचारीहरूको लागी तलव भत्ता, अध्ययन, स्वास्थ्य सेवा लगायत अन्य विविध सेवा–सुविधाहरूको व्यवस्था गरेको पाईन्छ । यसरी प्रचलित कानूनमा नेपालको निजामती सेवाका कर्मचारीहरूले प्राप्त गर्ने गरेको तलव भत्ता, अध्ययन, स्वास्थ्य सेवा लगायत अन्य सेवा–सुविधाहरूको व्यवस्थालाई देहाय वमोजिमका बुँदाहरूमा उल्लेख गर्न सकिन्छ :-

★ निजामती कर्मचारीले वहाली भएको मिति देखि तलवभत्ता पाउँछन ।

★ तलववाट १० प्रतिशत संचयकोष कट्टीमा शत प्रतिशत नेपाल सरकारवाट थप पाउने व्यवस्था रहेको छ ।

★ प्रत्येक वर्ष एक महिना वरावरको तलव चाडपर्व खर्चको रूपमा पाउने ।

★ सार्वजनिक सेवा सम्वन्धि कुनै आरोपमा निलम्वन परेका कर्मचारीले आधा तलव पाउने तथा आरोप प्रमाणित नभइ सफाई पाएमा पूरा तलब पाउने व्यवस्था रहेको छ ।

★ बिदा अधिकार नभए पनि भैपरी तथा पर्व, बिरामी, घर बिदा, प्रसुति बिदा, प्रसुती स्याहार, किरिया, तलवी अध्ययन बिदा, बेतलवी अध्ययन विदा, असाधारण बिदा लगायतका बिदाहरू नियम अनुसार तोकिए बमोजिम पाउने ।

★ निजामती अस्पतालको स्थापना गरी संचालनमा आएको छ । उक्त अस्पतालले अधिकृतस्तरका निजामती कर्मचारीलाई ४० प्रतिशत र सहायकस्तरका कर्मचारीका लाई ५० प्रतिशत सहुलियतमा स्वास्थ्य सेवा प्रदान गर्दै आएको ।

★ २० वर्ष भन्दा कम र ५ वर्ष भन्दा वढी सेवा गरी अवकाश लिएमा तोकिए वमोजिम एकमुष्ट उपदान पाउने ।

★ २० वर्ष र सो भन्दा वढी सेवा गरी अवकाश भएमा तोकिए वमोजिम मासिक निवृत्तिभरण पाउने ।

★ १५ वर्ष सेवा गरे पछि मृत्यु भएमा वढीमा ५ वर्ष थप गरी निवृत्तिभरण वा उपदान आश्रित व्यक्तिले पाउने । सेवामा छदै मृत्यु भएमा तोकिए वमोजिम वीमा रकम आश्रितले पाउने ।

★ सरकारी कामको सिलसिलामा दुर्घटनामा परी मृत्यु भएमा आश्रित सन्ततिलाई शैक्षिक भत्ता, सन्तति वृत्ति, परिवारिक निवृत्तिभरण, असाधारण पारिवारिक वृत्ति तथा उपदान र मृत्यु नभई असक्त भएमा असक्त वृत्ति नियममा तोकिए वमोजिम पाउने ।

★ कुनै निजामती कर्मचारीको सेवामा छदै वा निवृत्तिभरण पाउन थालेको ७ वर्ष नपुग्दै मृत्यु भएमा निजको परिवारले ७ वर्ष सम्म पूरा परिवारिक निवृत्तिभरण वा उपदान पाउने ।

★ एउटै श्रेणीमा कम्तीमा १५ वर्ष वहाल रहेको राजपत्रांकित तृतीय श्रेणी सम्मका कर्मचारीले अवकाश हुनु भन्दा एक महिना अगाडि एक तह वढुवा पाउँछ ।

★ बढुवा हुन उमेरका हदवन्दी नलाग्ने तथा तोकिएको सेवा अवधि पुगेपछि विशेष वढुवाको समेत व्यवस्था रहेको ।

★ अन्तराष्ट्रिय संघ संस्थामा सेवा गर्न जाने भएमा असाधारण विदावाट कट्टा हुने गरी विदा पाउन सक्ने ।

★ नियुक्ती हुँदा लागू भएको तलव, भत्ता, पेन्सन, उपदान आदि सुविधामा प्रतिकूल असर पर्ने गरी पछि हुने संशोधन कर्मचारीको स्वीकृति वेगर लागु नहुने ।

★ बरवुझारथको निमित्त पत्यारको मानिस वारिस खडा गरी वुझ्ने वा वुझाउने व्यवस्था गर्न सकिने ।

★ आफ्नो ओहदाको कर्तव्य पालनाको सिलसिलामा गरेको कुनै कामको सम्वन्धमा वहाल टुटी सकेपछि पनि नेपाल सरकारको स्वीकृति नभई मुद्दा चल्न सक्दैन र त्यसको प्रतिरक्षा नेपाल सरकारले गर्ने व्यवस्था रहेको ।

★ कुनै भौगोलिक क्षेत्रमा एक पटक तोकिएको अवधि व्यतित गरिसके पछि कर्मचारीले मागेको अवस्थामा वाहेक पाँच वर्ष व्यतित नभई पुनः सोही वर्गको क्षेत्रमा सरूवा नगरिने व्यवस्था रहेको ।

Question Bank Nepal

★ राज्यका दैनिक गतिविधिहरूलाई नियमित गर्न,
★ सार्वजनिक प्रशासनमा आधारभूत प्रकृति र विशेषताहरूलाई बचाइ राख्न,
★ कार्यथलोमा रहँदा राजनीतिक विचारधाराबाट टाढा रहनु,
★ राज्यबाट प्रदान गरिने सम्पूर्ण सेवा सुविधाहरू विना भेदभाव आम नागरिकले प्राप्त गर्ने अधिकारको ग्यारेन्टी गर्न,
★ सार्वजनिक प्रशासनमा योग्यतामा आधारित प्रणालीलाई प्रवर्द्धन गर्न,
★ राजनीतिक संक्रमणकालको अवस्थामा स्थिरता कायम राख्न,
★ नियमित प्रशासनले आफूलाई तटस्थ स्थायी सरकारको रुपमा स्थापित गर्न,
★ निजामती सेवामा पेसागत निष्ठा कायम राख्न,
★ जन निर्वाचित राजनीतिक अंगको सहयोगीका रुपमा काम गर्न,
★ राजनीतिक नेतृत्वमा निजामती सेवाप्रति विश्वासभाव विकास गर्न,
★ राज्य र आमजनतालाई जोड्ने प्रभावकारी सेतुको रुपमा कायम रहन आदि ।

**सैद्धान्तिक र वैचारिक रुपले तटस्थ निजामती प्रशासनको परिकल्पना**

राज्य र आम नागरिकबीचको सेतुको रुपमा काम गर्नुपर्ने तथा राज्यको तर्फबाट आम नागरिकलाई विना भेदभाव निष्पक्ष रुपमा सेवा सुविधाहरू प्रदान गर्ने कार्यभार बोकेको निजामती प्रशासन सैद्धान्तिक र वैचारिक रुपमा तटस्थ हुनुपर्ने आवश्यकता ठानिन्छ । तथापि देहायका यथार्थताले गर्दा सैद्धान्तिक र वैचारिक रुपले तटस्थ निजामती प्रशासनको परिकल्पना गर्न भने गाह्रो छ :-

★ निजामती प्रशासनले राजनीतिक तहबाटै वैधता र अधिकार पाउँछ ।
★ कुनै पनि नीति कार्यान्वयन गर्न राजनीतिक सहयोग आवश्यक हुन्छ ।
★ राजनीतिक दल प्रेरित बहुल ट्रेड युनियनहरूको दबाब ।
★ निजामती कर्मचारीहरूको व्यक्तिगत स्वार्थपूर्ण शैली (अधिकार, पद, पैसा, अवसर पाउन) ।
★ कर्मचारीतन्त्रकले Policy Politics नभई Party Politics गरिरहेको अवस्था ।

अन्त्मा माथि उल्लेखित समेतका विद्यमान यथार्थताले गर्दा सैद्धान्तिक र वैचारिक रुपले तटस्थ निजामती प्रशासनको परिकल्पना गर्न गाह्रो छ । तथापि कुनै पनि किसिमको राजनीतिक हस्तक्षेपबाट मुक्त रहेको निजामती प्रशासन नै दिगो, निष्पक्ष र भरपर्दो हुन्छ भन्ने प्रशासनिक तटस्थताको मान्यतालाई किमार्थ भुल्न भने सकिँदैन ।

**(८) निजामती सेवा कस्तो सेवा हो ? नेपालको निजामती सेवामा तलव भत्ता र अन्य सेवा-सुविधाको व्यवस्था के कस्तो रहेको छ ? उल्लेख गर्नुहोस् ।**

**निजामती सेवा (Civil service)**

मुलुकमा सार्वजनिक प्रशासन संचालन गर्ने प्रयोजनका लागि सरकारबाट गठित सरकारी सेवालाई नै निजामती सेवा (Civil service) भनिन्छ । सरकारी राजस्वबाट पारिश्रमिक लिने, स्थायी नियुक्ती प्राप्त व्यवसायिक अधिकारीहरूको संयन्त्रको रुपमा रहने निजामती सेवालाई सार्वजनिक प्रशासनको मुटुको रूपमा लिने गरिन्छ ।

सरकारले आम जनतालाई सेवाको प्रवाह गर्न तथा मुलुकमा विकास निर्माणका कार्य संचालन गर्न यहि संयन्त्रको प्रयोग गर्ने गर्दछ । निजामती सेवाकर्मीहरूले नीति निर्माणमा राजनितीलाई सहयोग मात्र गर्दैनन्, निर्मित नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन समेत गर्दछन् । निजामती सेवाको संस्थागत अवधारणाको शुरुवात बेलायतबाट भएको मानिन्छ । त्यहाँको सन् १८५४ को नर्थकोट ट्रेभिलियन आयोगको प्रतिवेदन कार्यान्वयनको क्रममा सन् १८५५ देखि स्थायी निजामती सेवाको विकास भयो ।

नेपालमा २००७ साल पूर्व दिशावीहिन अवस्थामा रहेको निजामती सेवा वि. सं. २००७ साल पश्चात् २०१३ सालमा निजामती सेवा ऐन, २०१३ र निजामती सेवा नियमावली, २०१३ जारी भएपछि व्यवस्थित रुपमा सञ्चालन हुँदै आएको छ । हाल निजामती सेवा ऐन, २०४९, नियमावली, २०५० तथा निजामती सेवाका कर्मचारीको आचरण सम्बन्धि नियमावली, २०६५ कार्यान्वयनमा रहेका छन् । निजामती सेवालाई वर्तमान संविधान तथा निजामती सेवा सम्बन्धी कानुनले पनि परिभाषित गरेको पाईन्छ :-

**नेपालको संविधान, २०७२ अनुसार**

(क) धारा २४३ :- "निजामती सेवाको पद" भन्नाले सैनिक वा नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल, नेपालको कर्मचारीको सेवाको पद तथा निजामती सेवाको पद होइन भनी ऐन बमोजिम तोकिएको अन्य सेवाको पद बाहेक नेपाल सरकारका अरु सबै सेवाको पद सम्झनु पर्छ ।

(ख) धारा २८५ :- नेपाल सरकारले मुलुकको प्रशासन सञ्चालन गर्न निजामती सेवा र अन्य सरकारी सेवाको गठन गर्न सक्ने कुरा उल्लेख भएको पाईन्छ ।



Question Bank Nepal

(क) तटस्थता सम्बन्धी परम्परागत मान्यता
(ख) तटस्थता सम्बन्धी ब्रिटिस मान्यता
(ग) तटस्थता सम्बन्धी अमेरिकी मान्यता
(घ) तटस्थता सम्बन्धी भारतीय मान्यता

(क) तटस्थता सम्बन्धी परम्परागत मान्यता :- सर्वप्रथम सन् १८८७ मा व्यवस्थापनविद् विड्रो विल्सनले राजनीति र प्रशासन फरक विषय हुन् भन्दै नीति निर्माण गर्ने कार्यक्षेत्र राजनीतिको हो भने नीतिको कार्यान्वयन गर्ने कार्य क्षेत्र प्रशासनको हो भन्ने मान्यता अगाडि ल्याए। त्यसपछि सार्वजनिक प्रशासनको राजनीतिक तटस्थता सम्वन्धी अवधारणा अगाडि आई यस बारेमा बहस पछिसम्म पनि चलिरह्यो। विशेष गरी विड्रो विल्सनले सार्वजनिक प्रशासनलाई कानुन कार्यान्वयन गर्ने एउटा अंगको रुपमा स्वीकारेकामा पछि म्याक्स वेवरले कर्मचारीतन्त्रको प्रतिरुपमा प्रशासनमा राजनीतिक तटस्थताको विषयमा निकै तार्किक अवधारणाहरु प्रस्तुत गरे। विड्रो विल्सनले राजनीति र प्रशासनलाई नछुट्याउँदा सम्म प्रशासन राजनीति भित्रै गुमनामको रुपमा रहेको थियो। जब विल्ड्रो विल्सनको द्विभावजनको सिद्धान्तले राजनीति र प्रशासनलाई छुट्याउने काम गऱ्यो। त्यसपछि यो बारेमा चर्को बहस हुँदै गई जति जति समय बित्दै गयो, राजनीति र प्रशासनविद्हरूले यी दुवैलाई अलग राखेर हेर्न नसकिने अवधारणा विकास गरे। यस अवधारणाले राजनीति र प्रशासन छुट्टाछुट्टै सिक्का नभई एकै सिक्काका दुई पाटाहरू हुन् भन्ने मान्यता अगाडि ल्यायो।

(ख) तटस्थता सम्बन्धी ब्रिटिस मान्यता :- बेलायतमा राजनीतिज्ञ र प्रशासकबीच एक आपसमा विश्वासको आधारमा कार्य सम्पादन गर्नु पर्दछ भन्ने तटस्थता सम्बन्धी अन्य देशको भन्दा बेग्लै मान्यता विकास भएको देखिन्छ। त्यहाँ जुनसुकै राजनीतिक विचारधारामा आस्था राख्ने कर्मचारी भएतापनि सरकारलाई तिनले पूर्ण सहयोग गर्दछन् भन्ने राजनीतिक तहको विश्वास हुन्छ भने सरकारमा जो आएपनि मुलुकको योग्यता प्रणालीलाई नै आत्मसात गरिन्छ भन्नेमा प्रशासनको पूर्ण विश्वास हुन्छ। वास्तवमा बेलायतमा भएको पनि त्यही देखिन्छ। त्यसैले भन्ने गरिन्छ, बेलायतमा एक आपसका अपेक्षा माथिको विश्वासमा त्यहाँको राजनीति र कर्मचारीतन्त्र सन्तुलनमा रहेका हुन्छन्।

(ग) तटस्थता सम्बन्धी अमेरिकी मान्यता :- अमेरिकामा कर्मचारीतन्त्र राजनीतिबाट टाढा हुनुपर्दछ भन्ने तटस्थता सम्बन्धी मान्यता रहेको पाइन्छ। यस मान्यता अनुसार निर्णय हुन अघिसम्म प्रशासनले राजनीतिक नेतृत्व सँग विवाद गर्न सक्दछ तर निर्णय भइसकेपछि इमान्दारीपूर्वक ती निर्णयहरुको कार्यान्वयन गर्नुपर्दछ। त्यसपछि कर्मचारीले विवादका विषयमा व्यक्तिगत धारणा व्यक्त गर्नुहुँदैन। यसबाट के स्पष्ट हुन्छ भने अमेरिकी अवधारणाले कर्मचारीतन्त्रलाई Policy Politics गर्न दिएको छ तर Party Politics गर्न स्वीकृति दिएको छैन। पछिल्लो समयमा प्रशासनले Policy Politics गर्न सक्ने कुरालाई विश्वका धेरै मुलुकहरूमा स्वीकार समेत गरेको पाइन्छ।

(घ) तटस्थता सम्बन्धी भारतीय मान्यता :- भारतीय कर्मचारीतन्त्रमा बेलायती कर्मचारीतन्त्रको प्रभाव भएता पनि भारतमा तटस्थता सम्बन्धमा बेलयातको भन्दा बेग्लै अवधारणा लिएको पाइन्छ। भारतमा कर्मचारीतन्त्रले राजनीतिमा भाग लिनुहुँदैन र कुनै पनि दलको सदस्यता लिनु हुँदैन भन्ने स्पष्ट कानुनी व्यवस्था गरिएको पाइन्छ। त्यसै गरी जुनसुकै दल सरकारमा आएपनि सरकारलाई प्रशासनले समान सल्लाह दिनु पनि भारतीय प्रशासनको कर्तव्य र दायित्वको रुपमा स्वीकार गरिएको छ। नेपालको सार्वजनिक प्रशासनमा राजनीतिक तटस्थता सम्बन्धी मान्यता धेरै हदसम्म भारतीय मान्यतालाई अंगालिएको पाइन्छ।

**सार्वजनिक प्रशासनमा राजनीतक तटस्थताको आवश्यकता**

राज्यका तर्फबाट आम नागरिकलाई प्रदान गरिने सेवा एवम् सुविधाहरू विना विभेद पक्षपातरहित तरिकारले प्रदान गर्ने संयन्त्रको रुपमा सार्वजनिक प्रशासन अर्थात् निजामती सेवाको जन्म भएको हो। त्यसैले सार्वजनिक प्रशासन अर्थात् निजामती सेवा राजनीतिक रुपमा तटस्थ हुनु आवश्यक हुन्छ। निजामती सेवाको स्थापनाको अवधारणा, आधारभुत विशेषता एवम् प्राप्त म्यान्डेड समेतको आधारमा राज्य र जनतालाई जोड्ने सेतुको रुपमा रहेको निजामती प्रशासन तटस्थ हुनुको विकल्प नै छैन। निजामती प्रशासन तटस्थ हुनुपर्नाका मूलभूत कारणहरूलाई देहायका बुँदाहरूमा उल्लेख गर्न सकिन्छ :-

★ राज्यबाट प्रदान गरिने सम्पूर्ण सेवा सुविधाहर बिना भेदभाव आम नागरिकमा पुऱ्याउनु राज्यको कर्तव्य हुने र राज्यका तर्फबाट कर्तव्य निर्वाहको लागि निजामती प्रशासनले म्यान्डेड पाउनु,

Question Bank Nepal

प्रभावकारी एवं देश र जनताको सम्वृद्धिमुलक हुनुपर्दछ। सार्वजनिक सेवा प्रवाहको महत्वलाई निम्नानुसारका बुदाँमा उल्लेख गर्न सकिन्छ। जसबाट समेत सार्वजनिक सेवा प्रवाह बारे अझ स्पष्ट हुन सकिन्छ।

★ सार्वजनिक सेवा प्रवाह जनता र सरकारलाई जोड्ने महत्वपूर्ण सेतुका रुपमा रहने,
★ सार्वजनिक सेवा प्रवाह जनमुखी एवं प्रभावकारी भएमा मात्र जनताको जीवनस्तर उकास्न सकिने,
★ स्थीर सरकारको लागि पनि सार्वजनिक सेवा प्रवाहले महत्वपूर्ण भूमिका निर्वाह गर्ने,
★ सरकारी सेवा प्रवाहको आधारमा जनताको सरकारप्रतिको धारणा बन्ने हुँदा प्रभावकारी सेवा प्रवाहका लागि सरकार प्रयत्नशील रहने,
★ सेवा वितरण प्रणालीमा सेवाग्राहीहरू अभिन्न एवं आधारभूत पक्षका रुपमा रहने,
★ सरकारले सेवाग्राहीको चाहना एवं आवश्यकता पुरा गर्नुपर्ने भन्ने लोककल्याणकारी राज्यको मान्यता रहेको।

सारांशमा राज्यका निकायहरुले सर्वसाधारणहरुलाई प्रदान गर्ने सबै प्रकारका सेवा, वस्तु वा सुविधाहरूलाई अर्थात् सार्वजनिक सेवा सरल तरिकाले, कम मूल्यमा, छिटो छरितो माध्यमबाट, जनताले चाहेको स्थान र चाहेको समयमा पुऱ्याउने क्रियाकलापलाई नै सार्वजनिक सेवा प्रवाह (Public service delivery) भनिन्छ। मुलुकको दैनिक शासन व्यवस्था सञ्चालन सन्दर्भमा यस्तो सार्वजनिक सेवा प्रवाहको महत्वपूर्ण स्थान रहेको हुन्छ।

**सार्वजनिक सेवा प्रवाहमा सेवा प्रदायकको भूमिका**

सार्वजनिक सेवा प्रदायकको रुपमा रहने राज्य र यस अन्तर्गतका विभिन्न निकायहरुले सार्वजनिक सेवा प्रवाहमा सन्दर्भमा विभिन्न भूमिका निर्वाह गर्ने गर्दछन्। उक्त भूमिकाको सूची तलको तालिकामा प्रस्तुत गरिएको छ –

| सार्वजनिक सेवा प्रवाहमा सेवा प्रदायकको भूमिका | |
|---|---|
| • सूचनादाताको भूमिका | • कार्यान्वियनकर्ताको भूमिका |
| • सहजकर्ताको भूमिका | • समन्वयकर्ताको भूमिका |
| • कानुन रक्षकको भूमिका | • संरक्षकको भुमिका |
| • अभिलेख व्यवस्थापनको भूमिका | |

**सेवाग्राहीको अधिकार तथा उत्तरदायित्व**

सार्वजनिक सेवा प्राप्त गर्ने सेवाग्राहीको अधिकार हो भने सो अधिकारको उपयोग वा प्राप्त गर्ने सन्दर्भमा सेवाग्राहीको निश्चित दायित्व पनि रहेका हुन्छन्। सार्वजनिक सेवा प्रवाहमा सेवाग्राहीको अधिकार तथा दायित्वलाई निम्नानुसार व्यक्त गर्न सकिन्छ :–

| सेवाग्राहीको अधिकार | सेवाग्रहीको दायित्व |
|---|---|
| (क) सहज रूपमा सूचना प्राप्त गर्ने अधिकार। (सुचनाको हक)। | (क) आफूले प्राप्त गर्न सम्भव सेवा सुविधाको मात्र दावी गर्ने दायित्व। |
| (ख) कम तथा उचित समयमै सेवा प्राप्त गर्ने अधिकार। | (ख) आवश्यक पर्ने प्रमाण पुऱ्याएर मात्र सेवा सुविधा दावी गर्ने दायित्व। |
| (ग) ससम्मान सेवा प्राप्त गर्ने अधिकार। | (ग) अनावश्यक दवाब दिन नहुने दायित्व। |
| (घ) विना झञ्झट सेवा प्राप्त गर्ने अधिकार। | (घ) सेवा प्रप्त गर्दा अनिवार्य रुपमा पालना गर्नु पर्ने कार्यविधि पालना गर्ने दायित्व। |

यसरी सार्वजनिक सेवा प्रवाहमा सेवा प्रदायक र सेवाग्राहीको उत्तिकै भूमिका रहन्छ। दुवै पक्षले आ–आफ्नो भूमिका समुचित रूपमा निभाउन सकेमा मात्र सार्वजनिक सेवा प्रवाह छिटो, छरितो, पारदर्शी र प्रभावकारी हुन मद्दत पुग्दछ।

**(७) सार्वजनिक प्रशासनको तटस्थता सम्बन्धी के कस्ता मान्यताहरू रहेका छन् ? सार्वजनिक प्रशासनमा राजनीतिक तटस्थता हुनुपर्नाका कारणहरू उल्लेख गर्दै सैद्धान्तिक र वैचारिक रुपले तटस्थ सार्वजनिक प्रशासन परिकल्पना गर्न किन गाह्रो छ ? लेख्नुहोस्।**

**सार्वजनिक प्रशासनको तटस्थता सम्बन्धी मान्यताहरू**

सार्वजनिक प्रशासन सञ्चालनकर्ता कुनै पनि राष्ट्रसेवक कर्मचारीले राजनैतिक धारणा एवम् दर्शनबाट मुक्त रही आफ्नो जिम्मेवारी र कार्यक्षेत्रभित्र पर्ने कार्यहरू निषपक्ष एवं स्वतन्त्र ढंगले सम्पादन गर्नुलाई राजनीतिक तटस्थता भनिन्छ। राजनीतिक तटस्थतालाई सार्वजनिक प्रशासनमा नभई नहुने गुणको रुपमा लिने गरिन्छ। विड्रो विल्सनको राजनीतिक र प्रशासनबीचको सीमारेखा, म्याक्स वेवरको कर्मचारीतन्त्रीय सिद्धान्त, मन्टेस्क्यूको शक्ति पृथकीकरणको सिद्धान्त, जोन एडम्सको शक्ति सन्तुलनको सिद्धान्त, ए.भी. डायसीको कानुनको शासनको सिद्धान्त लगायतका सार्वजनिक व्यवस्थापनका विभिन्न सिद्धान्तहरूले पनि सार्वजनिक प्रशासनमा राजनीतिक तटस्थता कायम गर्ने सन्दर्भमा वकालत गरेको पाइन्छ। सार्वजनिक प्रशासनमा राजनीतिक तटस्थता सम्बन्धमा विभिन्न मान्यताहरू रहेको पाइन्छ। ती मान्यताहरूलाई देहायबमोजिम चार भागमा वर्गीकरण गरेर अध्ययन गर्न सकिन्छ :

Question Bank Nepal

★ संविधानसभाको मार्गमा अघि बढ्ने प्रक्रिया प्रतिनिधिसभाले आवश्यकता अनुसार निर्धारण गर्नेछ ।

★ प्रधानमन्त्रीबाट प्रतिनिधीसभाको अधिवेशन आह्वान र प्रधानमन्त्रीको सिफारिशमा सभामुखबाट अधिवेशनको समापन् गरिनेछ ।

★ नेपाल राज्यको सम्पूर्ण कार्यकारिणी अधिकार मन्त्रिपरिषद्मा निहित रहने तथा "श्री ५ को सरकार" लाई अब उप्रान्त "नेपाल सरकार" भनिनेछ ।

★ प्रशासन, सेना, प्रहरी लगायत सम्पूर्ण कार्यकारी अंगहरू प्रतिनिधिसभाप्रति उत्तरदायी सरकारको मातहतमा रहनेछन् ।

★ "शाही नेपाली सेना" को नाम परिवर्तन गरी "नेपाली सेना" रहनेछ । नेपाली सेनाको प्रधान सेनापतिको नियुक्ति मन्त्रिपरिषद्ले गर्नेछ ।

★ राष्ट्रिय सुरक्षा परिषद् सम्बन्धी विद्यमान व्यवस्था खारेज गरिएको छ । नेपाली सेनाको नियन्त्रण, प्रयोग र परिचालन गर्न प्रधानमन्त्रीको अध्यक्षतामा एक राष्ट्रिय सुरक्षा परिषद् रहनेछ ।

★ सेनाको परमाधिपति सम्बन्धी विद्यमान व्यवस्था खारेज गरिएको छ । नेपाली सेनाको संगठन समावेशी र राष्ट्रिय स्वरुपको हुनेछ ।

★ राजपरिषद्को विद्यमान व्यवस्था खारेज गरिएको छ । त्यसले गर्दै आएका आवश्यक काम प्रतिनिधिसभाले व्यवस्था गरे बमोजिम हुनेछ ।

★ राजगद्दी उत्तराधिकार सम्बन्धी कानून बनाउने, संशोधन गर्ने र खारेज गर्ने अधिकार प्रतिनिधिसभामा रहनेछ ।

★ श्री ५ को खर्च र सुविधा प्रतिनिधिसभाको निर्णय बमोजिम हुनेछ । श्री ५ को निजी सम्पत्ति र आयमाथि कानून बमोजिम कर लाग्नेछ ।

★ श्री ५ बाट भए गरेका कामहरूका वारेमा प्रतिनिधिसभा र अदालतमा प्रश्न उठाउन सकिनेछ ।

★ विद्यमान राजप्रासाद सेवालाई निजामती सेवाको अंग बनाइने छ ।

★ प्रचलनमा रहेको "राष्ट्रिय गान" लाई वैकल्पिक व्यवस्था गरी परिवर्तन गरिनेछ ।

★ नेपाल धर्म निरपेक्ष राज्य हुनेछ ।

★ प्रतिनिधी सभा घोषणासंग बाझिने नेपाल अधिराज्यको संविधान २०४७ र प्रचलित अन्य कानूनका व्यवस्थाहरू बाझिएको हदसम्म अमान्य हुनेछन् ।

★ घोषणाको कार्यान्वियनमा आइपर्ने कुनैपनि बाधा अड्काउ प्रतिनिधिसभाले निर्णय गरी फुकाउन सक्नेछ ।

नेपालको संवैधानिक इतिहासमा प्रतिनिधि सभा घोषणा, २०६३ नामले चिनिने यस घोषणालाई कानूनबिद्हरूले बेलायतको सन् १२१५ को म्याग्नाकार्टा संग तुलना गरी यसलाई नेपालको म्याग्नाकार्टा भनी नाम दिएको पनि पाईन्छ । यसलाई २०४७ सालको संविधानलाई संशोधन गर्ने घोषणका रुपमा पनि लिने गरिन्छ । यही घोषणाले नै नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४७ लाई प्रयोग गरी राजा ज्ञानेन्द्रले ४ वर्ष देखि गर्दै आएको प्रत्यक्ष शासन व्यवस्थाको अन्त्य गरी राजाका सबै अधिकारहरू खोसिएको थियो । यस घोषणा लाई पनि नेपालमा संवैधानिक विकासमा कोषे ढुंगाको रुपमा लिईन्छ ।

**(६) सार्वजनिक सेवा प्रवाह भन्नाले के बुझिन्छ ? सार्वजनिक सेवा प्रवाहमा सेवा प्रदायकको भूमिका, सेवाग्राहीको अधिकार तथा उत्तरदायित्व के कस्तो रहन्छ ? प्रष्ट पार्नुहोस् ।**

**सार्वजनिक सेवा प्रवाह (Public Service delivery)**

सरकारले जनताको जन्मदेखि मृत्यु पर्यन्त सम्म पुर्याउनुपर्ने सार्वजनिक सेवा सरल तरिकाले, कम मूल्यमा, छिटो छरितो माध्यमवाट, जनताले चाहेको स्थान र चाहेको समयममा पुर्याउने क्रियाकलापलाई नै सार्वजनिक सेवा प्रवाह (Public service delivery) भनिन्छ । सार्वजनिक सेवा प्रवाहका लागि आवश्यक पर्ने रकम जुटाउनका लागि नै सरकारले जनताबाट कर तथा गैरकर राजस्व संकलन गर्ने गर्दछ ।

सार्वजनिक सेवा प्रवाह जनताको सही आवश्यकता र चाहनामा आधारित हुनुपर्छ र सेवा प्रवाह आपूर्तिमा होइन जनताको मागमा आधारित हुनु पर्दछ । सार्वजनिक सेवा प्रवाह जनताको लागि सरकारको निगाहा होइन, यो त उनीहरूको हक अधिकारको विषय हो भन्ने मान्यतालाई सरकारले भूल्नु हुदैन । प्रभावकारी रुपमा सार्वजनिक सेवा प्रवाह गर्नु सबै लोक कल्याणकारी राज्य तथा सरकारको मुल उद्देश्य रहेको हुन्छ । प्रभावकारी सार्वजनिक सेवा प्रवाहका लागि उक्त सेवा प्रवाह सामाजिक न्यायमा आधारित, तोकिएको समयमा प्राप्त हुने, छनोटको पर्याप्त अवसर भएको, जनताको सही आवश्यकता र चाहनामा आधारित, जनसहभागिता प्राप्त भएको, छरितो प्रणालीद्वारा वितरण हुने जस्ता गुणयुक्त हुनुपर्छ ।

देश र जनताका लागि सार्वजनिक सेवा अर्थात् सरकारी सेवा प्रवाहको निकै महत्व रहेको हुन्छ । जुन सेवा प्रवाह

Question Bank Nepal

विरेन्द्रको वंशनाशका कारणले राजा बनेका ज्ञानेन्द्रमा शक्ति प्रतिको मोहका कारणले गर्दा २०४७ को संविधानले लामो समय आफ्नो अस्तित्व कायम गर्न सकेन, दरबार नै यसको समाप्तिको आधार बन्यो ।

यो संविधान वि.सं.२०५९ असोज १८ गते सम्म संविधानवादको सिद्धान्त बमोजिम केहिमात्रामा लागू गर्ने प्रयास भए तापनि तत्पश्चात नेपालमा संविधानवाद अध्यारो युगको रुपमा अगाडी बढिरह्यो । यसैकारण, राजा ज्ञानेन्द्रले संविधानको गलत व्याख्या गरि निरंकुश शासन लाद्न पुगे । फलस्वरुपः ऐतिहासिक जनआन्दोलन २०६२/२०६३ ले उक्त शासन र २०४७ सालको संविधानको खरेज गरी नयाँ संविधान निर्माणको जिम्मा निर्वाचित संविधानसभा लाई प्रदान गर्ने निर्णय गर्‍यो ।

★ पहिलो संविधानसभाले नयाँ संविधान निर्माण गरी उक्त संविधानमा संविधानवादका सम्पूर्ण पक्षलाई समेटी उत्कृष्ट संविधान निर्माण गरी सो संविधानको कार्यान्वयन मार्फत राजनैतिक स्थिरता र सुशासन स्थापना गर्ने जिम्मा पाएकोमा सो पनि आफ्नो जिम्मेवारी पूरा नगरी पहिलो संविधानसभा विघठन भएको र अर्को संविधानसभा गठन भई संविधानवादका सम्पूर्ण पक्षहरू समेटी नयाँ संविधान निर्माण गरी संवत् २०७२ असोज ३ गतेबाट लागु गराउन सफल भएको छ ।

**(५) विश्वमा संवैधानिक विकास तथा मानवअधिकारको सन्दर्भमा आधारशिलाको रुपमा लिइने म्यानाकार्टा बारे चर्चा गर्दै नेपालको म्यानाकार्टाको रुपमा चर्चित प्रतिनिधि सभा घोषणा, २०६३ ले कस्ता घोषणा गरेको थियो ? उल्लेख गर्नुहोस् ।**

**स्वतन्त्रताको महाअधिकारपत्र**

**(Magna Carta Libertatum, 1215)**

विश्वमा संवैधानिक विकास तथा मानवअधिकारको विकासक्रम सन्दर्भमा बेलायतको स्वतन्त्रताको महा अधिकारपत्र (Magna Carta Libertatum, 1215) लाई आधारशिलाको रुपमा लिने गरिन्छ । बेलायतमा राजा र धर्मगुरुहरूबीच सत्ताको लागि भएको संघर्षको परिणाम स्वरुप सन् १२१५ मा स्वतन्त्रताको महा अधिकारपत्र (Magna Carta Libertatum) जारी भएको थियो । त्यस बेलाको बेलायती संसदले राजाको निरकुता विरुद्ध धर्मगुरुहरूलाई साथ दिएको थियो । राजा Henry- II को शासनकालमा बेलायतमा राजाको शक्ति अत्याधिक बढी थियो र पोपहरू इशाई चर्चको सैनिक शक्ति बढाउनमा तल्लिन थिए । यस्तो स्थितिमा राजकीय शक्ति अझ बढाउने उद्देश्यले तत्कालीन बेलायती राजा रिचार्डले अत्यधिक बढी कर लागू गरेपछि, त्यसबाट आम जनता करको मारमा परेकोले आम जनता असन्तुष्ट भए । यसैको मौका छोपी पोपले जनतालाई राजा विरुद्ध विद्रोहको लागि उक्साए । यसको फलस्वरुप पोपको तत्वावधानमा राजकीय स्वेच्छाचारिता विरुद्ध वेलायती जनताले विद्रोह गरेपछि सन् १२१५ मा तत्कालीन बेलायती राजा जोनले स्वतन्त्रताको महा अधिकारपत्रमा हस्ताक्षर गर्न बाध्य हुनुपर्‍यो र यसलाई जनताको विजय मानियो । यस स्वतन्त्रताको महाअधिकारपत्रमा उल्लेखित व्यस्थाहरू विश्वमा संवैधानिक विकास तथा मानवअधिकारको विकासको लागि आधारशिलाको रुपमा स्थापित हुन गए । बेलायती राजा र बेलायती जनताबीचको आपसी समझदारिको रुपमा रहेको यो दस्तावेजले गरेका प्रमुख व्यवस्थाहरू निम्नलिखित थिए –

★ राजाले संसदको अधिवेशन नियमित रुपमा बोलाउनुपर्ने,

★ ऐन पारित गर्ने अधिकार संसदलाई हुने,

★ संसदको स्वीकृति बिना राजाले कुनै पनि प्रकारको कर उठाउन नपाउने,

★ राजकीय सेनाको लागि चाहिने वित्तको व्यवस्था संसदद्वारा निर्धारित गरिने,

★ कानूंन र कानूनको उचित प्रक्रिया विना (Due process of law) कुनै पनि स्वतन्त्र व्यक्तिलाई थुन्न वा देशनिकाला गर्न नपाइने ।

यस बाहेक स्वतन्त्रताको महाअधिकारपत्रले बेलायती जनताको लागिसम्पत्तिको अधिकार, व्यक्तिगत स्वतन्त्राको अधिकार, जंथाभावी सजाय विरुद्धको अधिकार, स्वतन्त्र र निष्पक्ष पुर्पक्षको अधिकार जस्ता मानवअधिकार सन्दर्भमा आज पनि महत्वपूर्ण मानिदै आएका अधिकारहरूको समेत व्यवस्था गरेको थियो ।

**प्रतिनिधि सभा घोषणा, २०६३ ले गरेका घोषणाहरू**

नेपालमा वि.स. २०६२।०६३ मा भएको १९ दिने जनआन्दोलन–२ को परिणाम स्वरुप राजा ज्ञानेन्द्रले आन्दोलनकारीको माग बमोजिम विघठित प्रतिनिधि सभालाई पुनस्थापना गर्न बाध्य भए । राष्ट्रप्रमुखका रुपमा रहेका राजा ज्ञानेन्द्रबाट यसरी पुर्नस्थापित प्रतिनिधि सभाले आफ्नो कामकारवाही व्यवस्थित गर्दै मिति २०६३ जेठ ४ गते देहाय बमोजिम विभिन्न घोषणा समेत गरेको थियो –

★ नेपालको व्यवस्थापिका सम्बन्धी सम्पूर्ण अधिकार प्रतिनिधिसभाद्वारा प्रयोग गरिनेछ ।



Question Bank Nepal

अनुत्तरदायी र स्वेच्छाचारी हुनबाट जोगाउँछ । यसलाई उपचारात्मक संविधानवाद पनि भन्न सकिन्छ । अदालती प्रक्रियाको माध्यमद्वारा सरकारका असंवैधानिक क्रियाकलाप उपर नियन्त्रण कायम गरी सरकारलाई संवैधानिक दायरमा सीमित गर्नु कानूनी संविधानवादको मूल उद्देश्य हो ।

अदालतको रिट क्षेत्राधिकार, न्यायिक पुनरावलोकनको अधिकार, संवैधानिक सर्वोच्चता, मौलिक हक संरक्षण, स्वतन्त्र न्यायपालिका,संविधानको आधारभूत संरचनाको सिद्धान्त, अदालत राजनीतिक प्रश्नमा प्रवेश नगर्ने, जस्ता संयन्त्रहरु/विषयहरु कानूनी संविधानवाद अन्तर्गत पर्दछन् ।

(३) आर्थिक संविधानवाद – आर्थिक संविधानवादको अवधारणाले देशको सन्तुलित विकासमा जोड दिन्छ । साधन श्रोतको उपयोग, सञ्चालन र बाँडफाँडको निर्धारण गर्ने संसदको आर्थिक नियन्त्रण, महालेखा परिक्षकबाट लेखापरीक्षण, स्वतन्त्र एवं सक्षम संवैधानिक अङ्गहरू मार्फत र सार्वजनिक सरोकारको विषयबाट समेत आर्थिक न्याय प्रदान गर्ने विषय यस अन्तर्गत पर्दछन् ।

(४) सामाजिक/साँस्कृतिक संविधानवाद – देशमा सामाजिक न्यायको विकास तथा मौलिक संस्कृतिको संरक्षणसँग प्रत्यक्ष सम्बन्ध राख्ने संविधानवाद नै सामाजिक/साँस्कृतिक संविधानवाद हो । मौलिक साँस्कृतिक सम्पदाको संरक्षण एवं विकास, जाती, जनजाती, महिला, पिछडिएका वर्गको विशेष सेवा, सुविधा राज्यको श्रोत र साधनबाट अवसर प्रदान गरी लोक कल्याणकारी राज्यको स्थापना गर्नु सामाजिक संविधानवादको अवधारणा भित्र पर्दछ ।

**नेपालमा संविधानवादको विकासक्रम**

विश्वमा संविधानवादको विकास प्लेटो, अरस्तु लगायतका प्राचिन ग्रिस दार्शनिक र विभिन्न रोमन दर्शनिक बाट भएको हो । प्राचिन ग्रीस र रोममा राजनीतिक संस्थाहरूको विकास सँगसँगै संविधानवादको पनि विकास भएको मानिन्छ । नेपालमा संविधानवादको विकास भने वि. सं. २००४ मा जारी गरिएको प्रथम लिखित संविधानबाट भएको हो ।

★ वि.सं. २००४ सालमा जारी भएको नेपाल सरकार वैधानिक कानुन, २००४ आउनु पूर्व संविधान र संविधानवादको अस्तित्व थिएन । नेपालमा वि.सं. २००४ मा आएको प्रथम लिखित संविधान नेपाल सरकार वैधानिक कानून, २००४ ले श्री ३ र श्री ५ को सहितको मन्त्रिपरिषद, श्री ३ सहितको संसद र न्यायिक समितिको परिकल्पना गरेको भएता पनि यो लागू हुन सकेन । घोषणामा नै सीमित यस संविधानमा मानव अधिकार र जनता प्रति उत्तरदायी सरकारको भ्रम रचिएको थियो ।

★ वि. सं. २००७ सालको अन्तरिम संविधान, संविधानसभाको चुनाव गराई नयाँ संविधान निर्माण गर्ने जिम्मेवारीका साथ तयार गरिएको थियो यसले संविधानवादको केही पक्षहरूलाई समेटेको पाइन्छ । तथापी राजाको प्रत्यक्ष शासन गर्ने अभिरुची र राजनीतिक पार्टीहरुमा राजनैतिक संस्कारको अभावका कारणले संविधानवादको विकास कुरामा मात्र सीमित बन्न पुग्यो ।

★ वि. सं. २०१५ सालमा बेलायती संविधानविद् Sir Ivor Jenningsको सहयोगमा बनाइएको नेपाल अधिराज्यको संविधान,२०१५ राजा महेन्द्रले आफ्नो हित अनुकूल निर्माण गरी सार्वभौमसत्ता राजसंस्था र आफू स्वयंले उपयोग गरी राजनैतिक दलहरूलाई प्रतिबन्ध लगाउने र निरंकुश शासन व्यवस्थाको पक्षपोषकको रुपमा खडा गरी संविधानवादका मान्यतालाई लत्याईएको पाइन्छ ।

★ वि.सं. २०१९ को संविधानले एकदलीय पञ्चायती व्यवस्थाको सुत्रपात गरायो र सार्वभौमसत्ता राजामा नै निहित गरियो । संवैधानिक सर्वोच्चता, बालिगमताधिकार, मौलिक हकको व्यवस्था गरिए तापनि व्यवहारमा अर्थहिन बनाईएको थियो । यस संविधानको काल खण्डमा राजनैतिक दलमाथीको प्रतिवन्धका कारणले संविधानको शासन, मौलिक हकको व्यवस्था, स्वतन्त्र न्यायपालिका संविधानमा मात्र सीमित रहेबाट व्यवहारमा संविधानवादको विकास हुन सक्ने अवस्था रहेन ।

★ वि. सं. २०४६ सालको ऐतिहासिक जनआन्दोलनको परिणाम स्वरुप आएको संविधानबाट जनता सार्वभौम बन्न पुगे । यस संविधानमा प्रतिनिधि सभाबाट प्रधानमन्त्रीको चयन, बहुदलीय प्रजातान्त्रीक व्यवस्था, मानव अधिकारको प्रत्याभूति, स्वतन्त्र न्यायपालिका जस्ता व्यवस्था राखिएतापनि राजकीय सत्ता सम्पन्न पुरानो राजसंस्था यथावत कायम थियो । संविधानवादका धेरै मान्यतालाई यस संविधानले समेटेता पनि राजनीतिक पार्टीहरूमा राजनीति संस्कारको अभाव, आर्थिक र सामाजिक विकासले गति लिन नसक्नु, उदारवादी राजा

Question Bank Nepal

| | |
|---|---|
| संस्था छैन भन्ने ठानिन्छ। | |
| (६) सैन्य सुरक्षा र राष्ट्रिय शक्ति निर्माणमा विश्वास गर्ने यस अवधारणा अन्तर्गत हतियारको प्रतिस्पर्धा, गठबन्धन निर्माण, रणनीतिक सीमाना जस्ता कुराहरू पर्दछन्। | (६) नागरिकको सुरक्षामा जोड दिने यस अवधारणाले जनता र समाजलाई नै सुरक्षाको साधनको रुपमा सशक्त तुल्याउँदै जनताले नै असुरक्षाबाट मुक्तिका बाटाहरू पहिल्याई कार्यान्वयन गर्ने गर्दछ। |

अन्त्यमा, पछिल्लो समयमा राष्ट्रिय सुरक्षा अवधारणालाई परम्परागत राष्ट्रिय सुरक्षा अवधारणा र आधुनिक राष्ट्रिय सुरक्षा अवधारणा गरी दुई भागमा विभाजन गरी मानव सुरक्षा सम्बन्धी अवधारणालाई आधुनिक राष्ट्रिय सुरक्षा अवधारणामा समाविष्ट गरेको पाईन्छ। नर्वे, क्यानडा, अष्ट्रिया, थाइलैण्ड लगायतका विश्वका केही मुलुकहरूले विभिन्न गै.स.सं.सँग गठबन्धन नै गरेर मानव सुरक्षा सम्बन्धमा कार्य क्षेत्रमा सहयोग गर्न वकालत गर्ने जस्ता कार्यहरू गरिरहेको पाइन्छ भने जापानले त आफ्नो विदेश नीतिको मुख्य लक्ष्य नै मानव सुरक्षालाई निर्धारण गरी मानव सुरक्षा गुठी कोष स्थापना गरी विभिन्न UN Project हरूमा सहयोग पुर्‍याई आइरहेको छ।

**(४) संविधानवाद भन्नाले के बुझ्नुहुन्छ ? संविधानवादलाई मूलत : कति भागमा वर्गीकरण गरिएको पाउनुहुन्छ ? नेपालमा संविधानवादको विकासक्रम बारेमा संक्षिप्तमा चर्चा गर्नुहोस्।**

**संविधानवाद (Constitutionalism)**

संविधानवाद संविधानलाई नै प्रधान मान्ने एक राजनीतिक सिद्धान्त हो, जसले सिमित सरकार एवं कानूनबमोजिमको शासन पद्धतिमा जोड दिन्छ। सरकारको सत्ता संविधानबाट उत्पन्न हुन्छ र संविधानले नै सरकरको सीमा पनि तय गर्दछ भन्ने सैद्धान्तिक मान्यता नै संविधानवाद हो। मुलकुको राजनीतिक ऐन, कानून बमोजिम चल्नु पर्दछ भन्ने संविधानवादको मुख्य उद्देश्य हो।

**Acquianas, Thomas Paine, Locke, Rousseau** लगायतका धेरै प्राकृतिक कानूनका दर्शनशास्त्रीहरूले आफ्नो लेखहरूद्वारा संविधानवाद अनुरुप राज्य सञ्चालन हुनुपर्छ भन्ने यस विचारधारालाई बढवा दिने कार्य गरेका थिए। तसर्थ संविधानवाद केवल वर्तमानको विशुद्ध नयाँ अवाधारणाको रुपमा मात्र लिनुहुदैन। संविधानवाद सम्बन्धी अवधारणाको सैद्धान्तिक विकास प्राचिन ग्रीसका दार्शनिकहरुले गरेको भएपनि आधुनिक संविधानवादको विकासमा बेलायत र अमेरिकाको संविधानहरूले महत्वपूर्ण योगदान पुर्‍याएको पाइन्छ।

संविधानवाद आधुनिक प्रजातान्त्रिक सरकारको मेरुदण्ड हो। बेलायतमा सन् १२१५ को महानअधिकार पत्रले (Magna Carta) कानून सर्वोच्च हुन्छ भन्ने अवधारणलाई बलियो स्तम्भको रुपमा विकास गर्न मद्दत गर्‍यो। भने सन् १७७६ मा संविधानवादका मूलभूत तत्वहरूलाई अँगिकार गर्दै विश्वको प्रथम लिखित संविधानको रुपमा अमेरिकाको संविधान निर्माण भै जारी हुन पुग्यो।

संविधानवादले व्यक्तिको सर्वोच्चता गौण ठान्दै कानूनको सर्वोच्चतामा जोड दिन्छ। यसले सरकारको सीमितता, प्रजातन्त्र र राष्ट्रियताको सिद्धान्तलाई लागू गर्दछ। सार्वभौम शक्तिको संचालन कसले गर्ने भन्ने परिभाषित गर्दछ। मौलिक हकको निश्चितता गर्ने गर्दछ, कानुनद्धारा राजनैतिक समाजलाई संगठित गर्दछ। जुन कानुनले राजनीतिलाई संस्थागत रुपमा विकास गर्दछ। त्यस्ता संस्थाहरूको अधिकार र कार्यको बारेमा परिभाषित गर्दछ। संविधान बमोजिम सरकार बन्दछ। संविधान बमोजिम नै सरकार चल्दछ।

**संविधानवादका संयन्त्र/प्रकारहरू**

संविधानवादलाई विभिन्न विद्धानहरूले विभिन्न प्रकारमा विभाजन गर्ने गरेको पाईन्छ। यसका प्रमुख प्रकारहरुमा राजनैतिक संविधानवाद, कानूनी संविधानवाद, आर्थिक संविधानवाद र सामाजिक/साँस्कृतिक संविधानवादका रुपमा पनि संविधानवादलाई छुट्टाउने गरिन्छ। यहाँ संविधानवादका माथी उल्लेखित प्रकारहरु बारेमा संक्षिप्तमा चर्चा गरिन्छ –

(1) राजनैतिक संविधानवाद – राजनैतिक संविधानवादमा अदालती प्रक्रियाद्वारा लागू गर्न गराउन नसकिने कानून बाहिर र नैतिक प्रकृतिका बालिक मताधिकार, आवधिक निर्वाचन, महाअभियोग, पारदर्शीता, जवाफदेही सरकार, संसदीय उत्तरदायीत्व, राजनैतिक पार्टिमा लोकतान्त्रिक अभ्यास, तटस्थ कर्मचारीतन्त्र, सक्षम तथा उत्तरदायी प्रतिपक्षी दल जस्ता संयन्त्रहरू पर्दछन्। यस्ता संयन्त्रले राजनैतिक प्रकृयाको माध्यमबाट शक्तिको दुरुपयोग रोकी सीमित सरकारको अवधारणालाई मूर्त रुप दिने कार्य गर्दछन्। जसको कानूनी शक्ति नरहे तापनि सीमित सरकार/असल शासन कायम गर्न महत्वपूर्ण भूमिका रहेको हुन्छ।

(२) कानूनी संविधानवाद – कानूनी संविधानवादले अदालती निर्णयहरूको माध्यामबाट सरकारलाई

Question Bank Nepal

★ शसनको राजनैतिक संरचना नियमन, व्यवस्थापन, जनपरिचालन र सेवा प्रवाहमा दत्तचित्त हुनुपर्ने ।

★ सार्वजनिक सेवा वडापत्रको प्रयोग र कार्यान्वयनलाई प्रभावकारी रुपमा लागु गर्नुपर्दछ ।

**(३) राष्ट्रिय सुरक्षा अवधारणा भन्नाले के बुझ्नुहुन्छ ? परम्परागत राष्ट्रिय सुरक्षा र मानव सुरक्षा अवधारणाबीच रहेका मूल भिन्नताहरू औंल्याउनुहोस् ।**

**राष्ट्रिय सुरक्षा (National security)**

राज्यको सार्वभौमसत्ताको सिद्धान्तलाई बढी महत्व दिने अहिलेको विश्वमा राष्ट्रिय सुरक्षा तथा राष्ट्रिय सुरक्षा व्यवस्थापन सम्बन्धी अवधारणा महत्वपूर्ण एवं ज्वलन्त अवधारणाको रुपमा अगाडि आएको पाइन्छ । हुन त राष्ट्रिय सुरक्षा व्यवस्थापनको अवधारणाको विकास राज्यको उत्पत्ति सँगै परापूर्वकालदेखि प्रत्यक्ष वा परोक्ष रुपमा अगाडि आएको मानिन्छ । राष्ट्रिय सुरक्षा व्यवस्थापन सम्बन्धमा मूलत : देहाय बमोजिम परम्परागत र आधुनिक अवधारणा गरी दुई वटा अवधारणहरू प्रचलनमा रहेको पाईन्छ –

**परम्परागत अवधारणा** – यस अवधारणाले राष्ट्रिय सुरक्षालाई संकुचित अर्थमा लिने गर्दछ । जस- अनुसार राष्ट्रिय सुरक्षा भन्नाले राज्यको सिमा क्षेत्रलाई सैन्य शक्ति मार्फत बाह्य आक्रमणबाट सुरक्षा प्रदान गर्ने कार्यलाई बुझिन्छ । अझ यस अवधारणाले सैन्य शक्तिको प्रयोग गरी अन्य राज्य माथी आक्रमण गरी आफ्नो राज्य क्षेत्रको विस्तारमा समेत जोड दिने गर्दछ ।

**आधुनिक अवधारणा** – यस अवधारणाले राष्ट्रिय सुरक्षालाई व्यापक अर्थमा लिने गर्दछ । जस अनुसार राष्ट्रिय सुरक्षा भन्नाले बाह्य आक्रमणबाट राज्यको सुरक्षा, नागरिकको सुरक्षा, सीमा सुरक्षाको साथसाथै राज्यको सामाजिक, आर्थिक, सांस्कृतिक र राजनैतिक सुरक्षा समेतलाई जनाउँदछ । यो अवधारणा मानव सुरक्षाको अवधारणा नजिक छ । वर्तमान समयमा राष्ट्रिय सुरक्षालाई व्यापक अर्थमा लिई राष्ट्रिय सुरक्षा व्यवस्थापनको प्रबन्ध मिलाउने गरेको पाईन्छ ।

राष्ट्रिय सुरक्षा व्यवस्थापन भनेको कुनै पनि राष्ट्रले आफ्नो हित र स्वार्थहरूलाई सम्भावित खतरा वा जोखिमहरूबाट सुरक्षित राख्नको लागि विभिन्न उपायहरूलाई अवलम्बन गरी व्यवस्थित गर्ने कार्यको समष्टि हो । अर्को शब्दमा भन्नुपर्दा सुरक्षाका विभिन्न पक्षहरूमध्ये एउटा पक्ष राष्ट्रिय सुरक्षा पनि हो । र यही सुरक्षालाई सही रुपमा व्यवस्थित गर्नु नै राष्ट्रिय सुरक्षा व्यवस्थापन हो ।

प्रथम विश्वयुद्ध सम्म राष्ट्रिय सुरक्षा भन्नाले सैन्य शक्ति मार्फत गरिने राज्यको सुरक्षालाई मात्र बुझिन्थ्यो । दोस्रो विश्वयुद्धयता जनताको क्षमता, राजनैतिक शक्ति, कुटनैतिक क्षमता, सैन्य शक्ति, आर्थिक क्षमता र शक्तिको समष्टिलाई राष्ट्रिय सुरक्षा भन्न थालियो । जसले गर्दा आजसम्म आइपुग्दा राष्ट्रिय सुरक्षा व्यवस्थापनको क्षेत्र व्यापक बन्न पुगेको पाइन्छ ।

**परम्परागत राष्ट्रिय सुरक्षा र मानव सुरक्षाबीच भिन्नता**


सुरक्षाका विभिन्न अवधारणहरूमध्ये परम्परागत राष्ट्रिय सुरक्षा र मानव (व्यक्तिगत) सुरक्षा अवधारणाहरू एक अर्कामा नितान्त फरक विचार नभई अन्तरसम्बन्धित धारणाका रुपमा रहँदा रहँदै पनि यी दुई सुरक्षा सम्बन्धी अवधारणा बीच निम्न भिन्नताहरू रहेको पाइन्छ :-

| परम्परागत राष्ट्रिय सुरक्षा अवधारणा | मानव सुरक्षा अवधारणा |
|---|---|
| (१) राज्यको उत्पत्तिसँगै अगाडि आएको राज्यको सुरक्षा सम्बन्धि अवधारणा नै परम्परागत राष्ट्रिय सुरक्षा अवधारणा हो । | (१) मानव सुरक्षा सम्बन्धी अवधारणा दोस्रो विश्वयुद्ध अगाडि आएको राज्य सुरक्षा सम्बन्धि नवीनतम् अवधारणा हो । |
| (२) राज्यको सुरक्षामा केन्द्रित अवधारणा, जसले अरुको हितहरू यसैको मातहतमा राख्दछ । | (२) नागरिकको सुरक्षामा केन्द्रित अवधारणा, जसले व्यक्तिको कल्याणमा जोड दिन्छ । |
| (३) यसले राष्ट्रलाई बाह्य आक्रमणबाट रक्षा गर्ने, आक्रमणलाई निरुत्साहित गर्ने र अर्को राष्ट्रलाई परास्त गरी विस्तारित हुने उद्देश्य राख्दछ । | (३) यसले राज्यलाई बाह्य आक्रमणबाट बचाउनुमा अथवा नागरिकको सर्वाङ्गीण सुरक्षा गर्ने उद्देश्य राख्दछ । |
| (४) राज्यको सुरक्षा अभिवृद्धिलाई सम्पूर्णता ठान्ने यस अवधारणाले नागरिक सुरक्षालाई वेवास्ता गर्दछ । | (४) नागरिक सुरक्षाबाट नै राष्ट्रिय सुरक्षालाई स्थायित्व दिन सकिने मान्यता राख्दछ । |
| (५) यस अवधारणामा राज्य / सरकार आफ्नो अस्तित्वको लागि आफू एक्लो निर्णयकर्ताको रुपमा रहन्छ साथै रणनीति कार्यान्वयनमा मुस्किलले जनसहभागिता रहन्छ । सार्वभौम सत्ता सम्पन्न राज्यलाई नियमन गर्ने कुनै अन्तर्राष्ट्रिय | (५) मानव सुरक्षाको अनुभूतिका लागि सरकार मात्र हैन अन्य क्षेत्रीय तथा अन्तर्राष्ट्रिय, गैरसरकारी संस्थाहरू एवम् अन्य स्थानीय समूहहरू पनि क्रियाशील रहेका हुन्छन् । |

Question Bank Nepal

राजनैतिक संरचनाले शासनको प्रशासनिक संरचनामा पनि प्रत्यक्ष असर पार्दछ ।

नेपालको संविधान, २०७२ ले परिकल्पना गरेको संघात्मक प्रशासनिक संरचनाको निर्माण गर्न बाँकी रहेको अवस्थामा मौजुदा प्रशासनिक संरचनालाई देहाय बमोजिम प्रस्तुत गर्न सकिन्छ –




शासनको प्रशासनिक संरचना अन्तर्गत केन्द्रीय प्रशासनिक संरचना भित्र समेटिने निकायहरुले केन्द्रीय सरकारसंग प्रत्यक्ष सम्बन्ध राखि नीति निर्माणमा केन्द्रीत रहि महत्वपूर्ण निर्णय गर्दै नीति कार्यन्वयनका लागि मातहतका निकायहरूलाई आवश्यक निर्देशन दिन्छन् । सबैभन्दा माथिल्लो प्रशासनिक संरचनाको रुपमा रहने केन्द्रीय तहले शासन व्यवस्थाको समग्र पक्षमा ध्यान केन्द्रीत गर्दै आफ्ना क्रियाकलापहरु संचालन गर्ने गर्दछ । त्यसगरी क्षेत्रीय प्रशासनिक संरचनालाई जोड्न पूलको कार्य गर्दछ भने शासनको स्थानीय प्रशासनिक संरचनाले केन्द्रीय सरकारी नीति निर्देशनको कार्यन्वयन गर्ने सिलसिलामा जनतालाई प्रत्यक्ष सार्वजनिक सेवा सुविधा प्रवाह र विकास निर्माणका कार्यहरू गर्दछ ।

**सवलीकृत शासनको लागि आवश्यक संरचनाहरू**

***राजनैतिक संरचना***

★ शासनको राजनैतिक संरचना निर्माण गर्दा लोकतान्त्रिक शासन प्रणालीलाई आत्मसात गर्नुपर्दछ ।

★ विधिको शासन, शक्ति पृथकीकरण र शक्ति नियन्त्रण तथा सन्तुलनको सिद्धान्त जस्ता लोकतान्त्रिक मूल्य मान्यता ख्याल पुऱ्याउनु पर्दछ ।

★ राजनैतिक स्थायित्व कायम हुने गरी संसदीय वा अध्यक्षात्मक जुनसुकै शासन प्रणाली अवलम्वन गर्न सकिन्छ ।

★ स्वच्छ र आवधिक निर्वाचन प्रणाली अवलम्वन गर्दै सहजपूर्ण शक्ति हस्तान्तरणको परिपाटी बसाल्नुपर्दछ ।

★ देशको आवश्यकता, साधनस्रोतको मितव्ययीता र प्रभावकारितालाई विचार गरि ठीक आकार एवं संख्याको राजनैतिक संरचना निर्माण गर्नुपर्दछ ।

★ सत्ता पक्ष र विपक्ष राजनैतिक दलले दलीय एवं व्यक्तिगत स्वार्थलाई थाती राखि देश र जनताको स्वार्थलाई प्राथमिकतामा राख्नुपर्दछ ।

★ समावेशीकरण, आरक्षण जस्ता नवीनतम लोकतान्त्रिक मूल्य मान्यताहरूलाई राजनैतिक संरचना निर्माण गर्दा अवलम्वन गर्नुपर्दछ ।

★ स्थानीय निकायलाई वास्तविक रुपमा नै अधिकार निक्षेपण गरी स्थानीय सरकारको रुपमा विकास गर्नुपर्दछ ।

***प्रशासनिक संरचना***

★ शासनको प्रशासनिक संरचनालाई केन्द्रीय, क्षेत्रीय र स्थानीय प्रशासनिक संरचना गरी तीन तहका संरचनामा विभाजन गर्ने ।

★ अखण्डिकरण (Non Fragmentation), विना दोहोरोपन (Non overlapping), नियन्त्रणको दायरा (Span of Control), समरूपता (Homogeneity), संवैधानिक व्यवस्था आदिलाई आधार मानेर शासनको प्रशासनिक संरचना निर्माण गर्नुपर्ने ।

★ स्थानीय संरचनालाई स्थानीय सरकारको रुपमा सवलीकृत गर्न स्थानीय शासनमा जोड दिने र यस्ता संरचना निर्माण गर्दा राजनीतिक विकेन्द्रीकरण वा प्रशासकीय विकेन्द्रीकरणको सिद्धान्तलाई आधार मान्ने ।

★ छिटो, छरितो र प्रभावकारी कार्य संपादन गराउनको लागि शासनको प्रशासनिक संरचनाको प्रत्येक तहमा सूचना प्रविधिको प्रयोगमा जोड दिने ।

★ केन्द्रीय संरचना नीति निर्माण तह भएकोले यस तहको जनशक्तिको रुपमा विज्ञ प्रशासकहरूलाई संलग्न गराउंदै क्षेत्रीय र स्थानीय तहमा पनि कामको प्रकृति अनुसार जनशक्तिको व्यवस्थापन गर्ने ।

★ राजनीति र प्रशासनवीचको असामञ्जस्यता हटाउन राजनीति र प्रशासनवीचको सम्बन्ध र सीमा कानूनद्वारा स्पष्ट पार्ने ।

★ संरचना निर्माण देखि कार्यसम्पादन सम्म पारदर्शिता, जवाफदेहीता, निष्पक्षता, सक्षमता तथा स्वच्छ प्रशासनतन्त्रका अवधारणाहरूको पूर्व परीकल्पना गर्ने ।

★ शसनको प्रशासनिक संरचना अन्तरगत केन्द्रीय, क्षेत्रीय र स्थानीय तीनवटै तहको काम, कर्तव्य र अधिकार कानूनद्वारा नै स्पष्ट एवं विशिष्टिकृत गर्ने ।

Question Bank Nepal

★ शक्ति पृथकीकरण अनि शक्ति सन्तुलन र नियन्त्रणको पद्दति व्यवहारमा रुपान्तरण हुने ।

★ नागरिकका मौलिक अधिकारको प्रत्याभूति आदि ।

**संसदीय सरकारका दुर्वल पक्षहरू**

★ अस्थिर सरकार हुने सम्भावना रहने ।

★ शासन सञ्चालनमा दलीय स्वार्थको प्रभाव पर्ने ।

★ संसदीय व्यवस्थाको नाममा एकदलीय तानाशाही सरकारको खतरा रहने ।

★ वहुमतको सरकारको नाममा अल्पमतको उपेक्षा हुन जाने ।

★ सरकार टिकाउन Dirty Game हुने ।

★ भ्रष्टाचार, नातावाद, कृपावादले प्रश्रय पाई योग्यता र क्षमतामा भन्दा दलको निकट एवम् टिकटको प्रधानता रहने ।

★ कार्यपालिकाको कार्यकुशलतामा भन्दा व्यवस्थापिकाको गणितीय खेलमा प्राय जसो सरकारको समय, श्रोत र श्रम खर्च हुने ।

★ प्रतिपक्षका राजनैतिक दललाई समेट्न नसक्दा जनआन्दोलन तथा आन्तरिक विद्रोह सिर्जना हुन सक्ने ।


★ सत्ता प्राप्तिमा प्रतिपक्षको ध्यान केन्द्रीत हुने भएकाले सरकारको अस्वस्थ मूल्यांकन हुने आदि ।

**(२) शासनको राजनैतिक तथा प्रशासनिक संरचनाबारे स्पष्ट पार्दै शासन प्रणालीको सवलीकरणका लागि कस्तो राजनैतिक तथा प्रशासनिक संरचना आवश्यक पर्छ ? लेख्नुहोस् ।**

**शासनको राजनैतिक संरचना (Political structures)**

मूलुकको मूल कानूनको रुपमा रहेको संविधानले राज्य संचालनका लागि व्यवस्था गरेको शासकीय स्वरुप अन्तरर्गत समाविष्ट संगठनहरूको समष्टिगत संरचनालाई शासनको राजनैतिक संरचना भनिन्छ । मूलतः शासन व्यवस्थाको सञ्चालनको वागडोर राजनीतिले नै सम्हाल्ने हुँदा शासनको राजनैतिक संरचनालाई शासन प्रणालीको आधारस्तम्भको रुपमा लिन सकिन्छ ।

शासन सञ्चालन गर्नु भनेको राज्यको नीति निर्माण गर्नु र सोको कार्यान्वयन गर्नु हो । राज्यको नीति निर्माण राजनीतिले गर्दछ भने उक्त नीतिको कार्यान्वयन प्रशासनले गर्दछ । तसर्थ राज्यको नीति निर्माणमा शासनको राजनैतिक संरचनाको केन्द्रीय भूमिका रहन्छ । आजको विश्वमा शासनको राजनैतिक संरचना अन्तर्गत देहाय बमोजिमका संरचनाहरू प्रचलनमा रहेको पाईन्छ –




अन्त्यमा, शासनको राजनैतिक संरचना संघीय तथा एकात्मक र अध्यक्षात्मक तथा संसदीय जस्तो किसिमको भए पनि यस अन्तर्गत मतदाता नागरिकहरू, राज्य प्रमुख, सरकार प्रमुख, कार्यपालिका (मन्त्रीपरिषद), व्यवस्थापिका, न्यायपालिका, स्थानीय निकाय र राजनैतिक दलहरू समष्टि हुन्छन् । हाम्रो देश नेपालको शासनको वर्तमान राजनैतिक संरचना नेपालको संविधान, २०७२ अनुसार राज्यको संरचनाको दृष्टिकोणले संघात्मक (एकात्मक राज्य संरचनालाई संघात्मक राज्य संरचनामा परिणत गर्ने काम बाँकी नै रहेको) तथा शासकीय संरचनाको दृष्टिकोणले संसदीय संरचना प्रचलनमा रहेको पाईन्छ ।

**शासनको प्रशासनिक संरचना (Administrative structures)**

सामान्यतया राज्यको राजनीतिक, प्रशासकीय, आर्थिक, सामाजिक लगायतका समष्टीगत उद्देश्य प्राप्तिका लागि स्थापना गरिने सरकार अधिनस्थ संरचनालाई नै शासनको प्रशासनिक संरचना भनिन्छ । शासनको प्रशासनिक संरचना मूलतः राज्यका दायित्वहरूलाई जिम्मेवारीपूर्वक निर्वाह गर्न स्थापना गरिएका कार्यकारिणी मातहतको प्रशासनिक संयन्त्र हो । यस्ता संयन्त्र वा संरचनाहरूले राज्यको उद्देश्य प्राप्तिका लागि आवश्यक वातावरण निर्माण गर्ने तथा तीनको कार्यान्वयन गर्ने जिम्मेवारी सुरक्षित राख्ने गर्दछन् ।

शासनको प्रशासनिक संरचनाले शासनको राजनैतिक संरचनालाई नीति निर्माणमा सहयोग मात्र गर्दैन, उक्त नीति कार्यान्वयनको महत्वपूर्ण जिम्मेवारी समेत वहन गर्दछ । मुलुकले अवलम्बन गरेको शासन प्रणाली तथा शासनको

Question Bank Nepal

सरकारलाई will of the state तथा जनहितका निम्ती राज्यको threat power प्रयोग गर्ने अधिकार प्राप्त निकायको रुपमा पनि लिइन्छ ।

नेपालको सन्दर्भमा हेर्दा नेपालको संविधान, २०७२ को धारा ७५ मा उल्लेख भएअनुसार नेपालको कार्यकारणी अधिकार उक्त संविधान र अन्य कानून बमोजिम मन्त्रिपरिषद्मा निहित हुने, नेपालको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभार मन्त्रीपरिषद् उपर हुने तथा नेपालको कार्यकारिणी कामहरू नेपाल सरकारको नाममा हुने व्यवस्था भए बमोजिम हाम्रो सामान्य प्रचलन र व्यवहारमा सरकार भन्नाले मन्त्रीपरिषद्लाई बुझिने व्यवस्था रहेको छ ।

अन्तमा, शासनको सन्दर्भमा सरकारको अर्थ गर्दा संकुचित भन्दा बृहत अर्थमा सरकारलाई परिभाषित गर्नु उचित हुन्छ । तसर्थ कार्यालिका, व्यवस्थापिका र न्यायपालिकाको समष्टि नै सरकार हो भन्नु उपयुक्त हुन्छ ।

**सरकारको स्वरुप/प्रकार**

प्राचीन ग्रीककाल देखिनै सरकारका विभिन्न स्वरुपहरू बारेमा चर्चा परिचर्चा हुँदै आएको पाइन्छ । देशकाल, परिस्थिति, शासकको संख्या एवं राजनैतिक चरित्र आदिले सरकारको स्वरुप निर्धारण हुने गर्दछ । प्रारम्भदेखि वर्तमान समयसम्म आईपुग्दा विश्वमा विभिन्न स्वरुपका सरकारहरू गठन विघठन हुँदै आएको पाइन्छ । इतिहास तर्फ फर्केर हेर्दा विश्वमा मूलतः लोकतन्त्र (प्रत्यक्ष/अप्रत्यक्ष), राजतन्त्र ( संवैधानिक/पूर्ण राजतन्त्र), तानाशाही स्वरुपका सरकारहरूको प्रचलन रहेको पाइन्छ ।

| अरस्तुका अनुसार सरकारका स्वरुपहरू | | |
|---|---|---|
| शासक संख्या | स्वभाविक रुप | विकृत रुप |
| एक व्यक्ति | Monarchy | Tyrrany |
| केही व्यक्ति | Aristocracy | Oligarchy |
| धेरै व्यक्ति | Polity | Democracy |

| वर्तमानमा चर्चा र प्रचलनका स्वरुप | |
|---|---|
| एकात्मक सरकार | संघात्मक सरकार |
| संसदीय सरकार | अध्यक्षात्मक सरकार |
| प्रजातान्त्रिक (लोकतान्त्रिक) सरकार | निरंकुश सरकार |

वर्तमान समयमा लोकतान्त्रिक सरकारलाई सरकारको उत्तम/उपयुक्त स्वरुपको रुपमा यत्रतत्र सर्वत्र चर्चा गर्दै आएको पाइन्छ । लोकतान्त्रिक सरकारको स्वरुपको चर्चा प्राचीन ग्रीककाल देखिनै हुँदै आएको इतिहासले पुष्टि गर्दछ । प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा आम जनताको अधिक सहभागिताबाट गठन गरिएको सरकारको स्वरुपलाई लोकतान्त्रिक सरकार भनिन्छ । अन्त्यमा के भन्न सकिन्छ भने आजको माग भनेको लोकतान्त्रिक शासन व्यवस्था र लोकतान्त्रिक सरकार नै हो ।

**नेपालमा प्रचलित शासन अर्थात् संसदीय सरकार**

नेपालको मौजुदा शासन पद्धति संसदीय शासन पद्दति हो । जनताबाट चुनिएर गएका जनप्रतिनिधिहरूबाट गठन भएको parliament को विश्वास प्राप्त गर्न सक्ने parliament member बाट प्रधानमन्त्री चयन हुने र मन्त्रीपरिषद्को सदस्यको रुपमा रहने अन्य मन्त्रीहरू समेत parliament member बाट नै चयन गरी कार्यपालिकाको गठन हुने र त्यस्तो मन्त्रीपरिषद् संसद प्रति प्रत्यक्ष रुपमा उत्तरदायी हुने प्रणाली भएको राजनैतिक व्यवस्थालाई संसदीय सरकार भनिन्छ ।

संसदीय सरकारको जननी मुलुक बेलायत हो । यस प्रकारको सरकार प्रणालीमा संसदको सर्वोच्चता कायम रहन्छ । कार्यपालिकामा मंत्रीपरिषद् शक्तिशाली हुन्छ र राष्ट्राध्यक्ष नाम मात्रको हुन्छ । त्यसैले 'King can do no wrong' भन्ने उक्ति प्रचलित रहेको पाईन्छ ।

विधायकी अधिकारको स्वतन्त्रता र विधायिकाले नै सरकार बनाउने, कायम राख्ने वा त्यसलाई हटाइ अर्को सरकार गठन गर्ने भन्ने कुराको निर्धारण गर्न सक्ने कुराहरू संसदीय सरकरका गहना मानिन्छन् । शक्तिशाली कार्यपालिकालाई निरंकुश हुनबाट नियन्त्रण गर्नका लागि व्यवस्थापिकालाई अझै शक्तिशाली बनाइएको हुन्छ । संसदीय शासन प्रणालीमा शक्ति पृथकीकरण सिद्धान्तको पूर्ण रुपमा प्रयोग सम्भव हुँदैन तर शक्तिको नियन्त्रण र सन्तुलन सिद्धान्त बढी प्रभावकारी हुन्छ ।

**संसदीय सरकारका सबल पक्षहरू**

★ संसदीय सर्वोच्चता र नागरिक स्वतन्त्रता कायम हुने ।
★ कार्यपालिका र व्यवस्थापिकाबीच समन्वयमा प्रभावकारिता ।
★ जनप्रतिनिधिमूलक र जन उत्तरदायी सरकारको गठन हुने ।
★ शासन व्यवस्था लचिलो हुनुका साथै सरकारको वैधता स्थापित हुने ।
★ कार्यपालिका स्वेच्छाचारी हुनबाट नियन्त्रित हुने ।
★ सुसंगठित राजनैतिक दल, राजनैतिक संस्कार र राजनैतिक चेतनाको विकास हुने ।
★ लोककल्याणकारी शासन व्यवस्थाको स्थापना हुने ।

Question Bank Nepal

# अभ्यास प्रश्न सेट ३ समाधान सहित

## अभ्यास प्रश्न

**Section (A) - 10 Marks × 3 Questions = 30 Marks**

(१) शासनको सन्दर्भमा सरकार भन्नाले के बुझ्नुहुन्छ ? सरकारको स्वरुपबारे चर्चा गर्दै नेपालमा हाल कस्तो सरकारको प्रचलन रहेको छ ? उक्त सरकार बारेमा विवेचना गर्नुहोस् ।

(२) शासनको राजनैतिक तथा प्रशासनिक संरचनाबारे स्पष्ट पार्दै शासन प्रणालीको सवलीकरणका लागि कस्तो राजनैतिक तथा प्रशासनिक संरचना आवश्यक पर्छ ? लेख्नुहोस् ।

(३) राष्ट्रिय सुरक्षा अवधारणा भन्नाले के बुझ्नुहुन्छ ? परम्परागत राष्ट्रिय सुरक्षा र मानव सुरक्षा अवधारणाबीच रहेका मूल भिन्नताहरू औंल्याउनुहोस् ।

**Section (B) - 10 Marks × 2 Questions = 20 Marks**

(४) संविधानवाद भन्नाले के बुझ्नुहुन्छ ? संविधानवादलाई मूलत : कति भागमा वर्गीकरण गरिएको पाउनुहुन्छ ? नेपालमा संविधानवादको विकासक्रम बारेमा संक्षिप्तमा चर्चा गर्नुहोस् ।

(५) विश्वमा संवैधानिक विकास तथा मानवअधिकारको सन्दर्भमा आधारशिलाको रुपमा लिइने म्यानाकार्टा बारे चर्चा गर्दै नेपालको म्यानाकार्टाको रुपमा चर्चित प्रतिनिधि सभा घोषणा, २०६३ ले कस्ता घोषणा गरेको थियो ? उल्लेख गर्नुहोस् ।

**Section (C) - 10 Marks × 3 Questions = 30 Marks**

(६) सार्वजनिक सेवा प्रवाह भन्नाले के बुझिन्छ ? सार्वजनिक सेवा प्रवाहमा सेवा प्रदायकको भूमिका, सेवाग्राहीको अधिकार तथा उत्तरदायित्व के कस्तो रहन्छ ? प्रष्ट पार्नुहोस् ।

(७) सार्वजनिक प्रशासनको तटस्थता सम्बन्धी के कस्ता मान्यताहरू रहेका छन् ? सार्वजनिक प्रशासनमा राजनीतिक तटस्थ हुनुपर्नाका कारणहरू उल्लेख गर्दै सैद्धान्तिक र वैचारिक रुपले तटस्थ सार्वजनिक प्रशासन परिकल्पना गर्न किन गाह्रो छ ? लेख्नुहोस् ।

(८) निजामती सेवा कस्तो सेवा हो ? नेपालको निजामती सेवामा तलब भत्ता र अन्य सेवा-सुविधाको व्यवस्था के कस्तो रहेको छ ? उल्लेख गर्नुहोस् ।

**Section (D) - 10 Marks × 2 Questions = 20 Marks**

(९) कस्तो बजेटलाई कार्यक्रम बजेट भनिन्छ ? कार्यक्रम बजेटका आधारहरू बारे चर्चा गर्दै कार्यक्रम बजेट तर्जुमा गर्दा ध्यान पुर्‍याउनु पर्ने कुराहरू के-के हुन् लेख्नुहोस् ।

(१०) वित्तीय व्यवस्थापन भन्नाले के बुझिन्छ ? नेपालमा यस सन्दर्भमा भएका व्यवस्थाहरू उल्लेख गर्दै वित्तीय व्यवस्थापन चक्र बारेमा चर्चा गर्नुहोस् ।

## समाधान

**(१) शासनको सन्दर्भमा सरकार भन्नाले के बुझ्नुहुन्छ ? सरकारको स्वरुपबारे चर्चा गर्दै नेपालमा हाल कस्तो सरकारको प्रचलन रहेको छ ? उक्त सरकार बारेमा विवेचना गर्नुहोस् ।**

**सरकार (Government)**

*"Government is Soul of the nation or state."*

सरकार शासन सञ्चालन गर्न स्थापना गरिएको एउटा मूर्त संयन्त्र हो । सरकारलाई राजकीय क्रियाकलाप सञ्चलन गरी नागरिक दायित्व पूरा गर्न राज्यको उत्पत्तिसँगै विकसित भएको अवधारणाको रुपमा बुझ्न सकिन्छ । राजनीतिशास्त्रको दृष्टिकोणबाट राज्य हुनको लागि चाहिने प्रमुख पाँच वटा तत्वहरू Population, Territory, Severignty, Government and Recognition मध्ये सरकार एउटा प्रमुख तत्वको रुपमा रहेको छ । राज्य हुनका लागि आवश्यक अन्य तत्वहरूलाई समेत गतिशिलता प्रदान गर्ने तत्वको रुपमा सरकार रहेको हुन्छ ।

सरकारको अर्थलाई परिभाषित गर्ने सन्दर्भमा विद्वानहरूबीच Narrow र Broad गरी दुईवटा दृष्टिकोण रहेको पाइन्छ । बोलीचालीको भाषा एवं संकुचित अर्थमा सरकार भन्नाले कुनै पनि राज्यको वा देशको शासक मण्डल, शासन सत्ता तथा राज्य संस्था अर्थात् देशको कार्यकारिणी निकाय वा कार्यपालिकालाई मात्र बुझिन्छ ।

व्यापक अर्थमा सरकार भन्नाले व्यवस्थापिका, कार्यपालिका, न्यायपालिकाको अतिरिक्त अन्य संवैधानिक निकाय, सेना, प्रहरी, निजामती सेवा, सार्वजनिक संस्थान, सरकारी सञ्चार र सार्वजनिक वितरण प्रणालीलाई बुझिन्छ ।

सरकार भनेको राज्यको उद्देश्य निर्माण गर्ने, अभिव्यक्त गर्ने र कार्यान्वयन गर्ने प्रमुख संस्थागत संयन्त्र हो ।

Question Bank Nepal